
# लेखापरीक्षण प्रतिवेदन

## उत्तरगया गाउँपालिका, रसुवा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## उत्तरगया गाउँपालिका, रसुवा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख — महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/64

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
उत्तरगया गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
रसुवा ।

**कैफियतसहितको राय**

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

**१.** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू ५ करोड ११ लाख ११ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू.२ लाख १५ हजार र गरिबसँग विश्वेश्वर कार्यक्रमको रू.४ लाख ८ हजार समेत गरी रू.५ करोड १७ लाख ३४ हजार समावेश गरेको छैन।

**२.** गाउँपालिकाको रू.७७ करोड ८४ लाख ५८ हजारको लेखापरीक्षणबाट रू.१ करोड २७ लाख १४ हजार बेरुजू देखिएकोमा रू.१२ लाख ८९ हजारको प्रतिक्रियाबाट फर्स्यौट भई बाँकी बेरूजु रु.१ करोड १४ लाख २५ हजार बेरुजु रहेको छ । सो मध्ये असुल गर्नुपर्ने रू.१९ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१० लाख, ५६ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ३ लाख ४९ हजार रहेको छ। गत वर्षसम्म रू.५ करोड ९७ लाख ३० हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरूजू रू.७ करोड ११ लाख १३ हजार रहेको छ। बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने उत्तर गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**


यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, स्विकृत कार्यक्रममा लक्ष्य अनुसार प्रगति हुन नसकेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका वेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी यस गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनीयथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।



( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ६१ | ३७ | १,२७,१४,००२ | ० | १६ | १२,८९,०२० | ० | ६१ | २१ | १,१४,२४,९८२ | १९,६११ | १,०३,४९,२५५ | १०,५६,११६ | ० | ० | १,१४,०५,३७१ | ० |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| रसुवा | ५,९७,३०,००० | | ४१,८८६ | ५९६८८११४ | | १,१४,२४,९८२ | ७१११३०९५ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ७३.३ | सामाजिक सुरक्षा तर्फ | १,१५,८०० |
| २ | २०८०/८१ | ४४ | वितरणको भरपाई पेश नभएको | ५,७६,००० |
| ३ | २०८०/८१ | ६८ | रितपुर्वको कर विजक | ४,७९,०७६ |
| ४ | २०८०/८१ | ५४ | बढि ग्रेड | ७,६४२ |
| ५ | २०८०/८१ | ६१ | फिल्ड भत्ता | ९७,८७२ |
| ६ | २०८०/८१ | ५२ | पुस्तक वितरण प्रमाण | १२,६३० |
| ७ | २०७९/८० | ६० | पारिश्रमिक कर | १२,१३६ |
| ८ | २०७९/८० | २३ | खर्चको आधार | २९,७५० |
| जम्मा | | | | १३,३०,९० |

# (८०३२८५०१३०० - उत्तरगया गाउँपालिका, रसुवा )

## परिचय

१

**(क) कार्यालय परिचय:-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस उत्तरगया गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ५ वडा, २७ सभा सदस्य, १०४.५१ वर्ग किलोमिटर क्षेत्रफल तथा ८ हजार ५५५ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य:-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि:-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।२० देखि २०८१।०५।२४ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा:-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति:-** कार्यालयको आय-व्ययतर्फ रू ७७ करोड ८४ लाख ५८ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ)लेखापीक्षणको क्रममा असुली:- लेखापरीक्षणको क्रममा निम्नानुसारको रू १७३४१।- असुल भएको प्रमाण पेश भएको छ ।**

| क्र.स | विवरण | रकम |
|---|---|---|
| १ | पारिश्रमिक कर | १७३४१ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदनको बिश्लेषणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । तर अनुसूची तथा खुलासा (Disclosure) हरू पूर्ण रूपमा लेखाकिंत र प्रस्तुतीकरण भएको छैन । यसमा सुधार हुनु पर्दछ पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नाअनुसार देखिएको छः

२.१ **वित्तीय विवरणको यथार्थताः** गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । गाउँपालिकाले सामाजिक सुरक्षाको रू ५,११,१०,९४३/००, गरिवसँग विश्वेश्वर कार्यक्रमको रू ४,०८,७८०/०० स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू २,१५,०००/०० र समेत रू ५१७३४७२३/- सुत्रमा लेखाङ्कन गरेको छैन । अनुसूची १४ मा अन्तरसरकारी अख्तियारीको व्यवस्था गरेता पनि रकम उल्लेख भएको देखिदैन र सो समावेश भएपनि म.ले.प. २७० को वित्तियविरणमा समावेश हुँदैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन ।

**स्थानीय संचित कोषः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम गाउँपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार सञ्चालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०८०/८१ को कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | |
|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ५,९०,३१,७३३.५५ | ५,९०,३१,७३३.५५ | ५,८२,००,४९७.७३ | ५,८२,००,४९७.७३ |
| १३००० | अनुदान | २३,८०,६२,८२२.५८ | २३,८०,६२,८२२.५८ | २५,४९,०९,५९२.११ | २५,४९,०९,५९२.११ |
| १४००० | अन्य राजस्व | १,३२,४४,१२७.७८ | १,३२,४४,१२७.७८ | १,२४,३३,६४०.०२ | १,२४,३३,६४०.०२ |
| १५००० | विविध प्राप्ति | १५,४५०.०० | १५,४५०.०० | ० | ० |
| क | कुल जम्मा प्राप्ति | ३१,०३,५४,१३३.९१ | ३१,०३,५४,१३३.९१ | ३२,५५,४३,७२९.८६ | ३२,५५,४३,७२९.८६ |
| ३ | चालु | २१,२९,९०,०३०.१५ | २१,२९,९०,०३०.१५ | २१,९८,५६,१७७.२३ | २१,९८,५६,१७७.२३ |
| २१००० | पारिश्रमिक / सुविधा | १२,०२,०६,९८४.९२ | १२,०२,०६,९८४.९२ | १२,४८,८३,१११.२५ | १२,४८,८३,१११.२५ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ६,५०,५९,४७३.२३ | ६,५०,५९,४७३.२३ | ८,४६,०८,२१९.९८ | ८,४६,०८,२१९.९८ |
| २५००० | सहायता (Subsidy) | १,६५,७७,४२६.०० | १,६५,७७,४२६.०० | ४,४७,०७५.०० | ४,४७,०७५.०० |
| २७००० | सामाजिक सुरक्षा | ८८,८०,८०९.०० | ८८,८०,८०९.०० | ७८,७१,२७१.०० | ७८,७१,२७१.०० |
| २८००० | अन्य खर्च | २२,६५,३३७.०० | २२,६५,३३७.०० | २०,४६,५००.०० | २०,४६,५००.०० |
| ४ | पूंजीगत | ९,२८,५२,५३५.८१ | ९,२८,५२,५३५.८१ | ९,७४,२२,१९१.५४ | ९,७४,२२,१९१.५४ |
| ३१११० | भवन तथा संरचना | ५९,५४,१९६.२८ | ५९,५४,१९६.२८ | ० | ० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ५३,५४,७३३.०० | ५३,५४,७३३.०० | ९२,३१,८५३.४५ | ९२,३१,८५३.४५ |
| ३११५० | सार्वजनिक निर्माण | ८,१५,४३,६०६.५३ | ८,१५,४३,६०६.५३ | ८,८१,९०,३३८.०९ | ८,८१,९०,३३८.०९ |
| ख) | कुल जम्मा भुक्तानी | ३०,५८,४२,५६५.९६ | ३०,५८,४२,५६५.९६ | ३१,७२,७८,३६८.७७ | ३१,७२,७८,३६८.७७ |
| ग) | बचत /कमी (ग = क-ख ) | ४५,११,५६७.९५ | ४५,११,५६७.९५ | ८२,६५,३६१.०९ | ८२,६५,३६१.०९ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | ४३,३२,९९८.२८ | ४३,३२,९९८.२८ | १२,७०,९२८.१९ | १२,७०,९२८.१९ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | ८८,४४,५६६.२३ | ८८,४४,५६६.२३ | ९५,३६,२८९.२८ | ९५,३६,२८९.२८ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | ४,६८,९९,३६२.८८ | ४,६८,९९,३६२.८८ | ३,७३,६३,०७३.६० | ३,७३,६३,०७३.६० |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | समायोजन | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | ५,५७,४३,९२९.११ | ५,५७,४३,९२९.११ | ४,६८,९९,३६२.८८ | ४,६८,९९, |

२.२ **फरक हिसाबः** यस गाउँपालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण गाउँपालिकाले सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेकोमा उक्त दुई विवरणमा यस वर्षको प्राप्ति, भुक्तानी र बैङ्क मौज्दातमा निम्नानुसार फरक परेको छ । सुत्रमा गाउँपालिकाको सम्पूर्ण आर्थिक कारोबारहरू समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले गाउँपालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | ४६८९९३६२/८८ | ३१४६८७१३२/१९ | ३०५८४२५६५/९६ | ५५७४३९२९.११ |
| एकीकृत आर्थिक विवरणअनुसार | ४६९०४८१२/८८ | ३९३६४८२०८/८२ | ३८४८०९०९२.२४ | ५५७४३९२९/४६ |
| फरक | (५४५०) | (७८९६१०७६.६३) | (७८९६६५२६/२८) | ० |

**एकिकृत आय व्ययः** गाउँपालिकाको आर्थिक वर्ष ०८०/८१ को समग्र आर्थिक कारोवार समेटीने गरी तयार गरेको एकिकृत वित्तीय विवरणको संक्षिप्त अवस्था

**(विस्तृत विवरण बेरूजु दफा २.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

२.३ **बित्तिय विवरण यथार्थ नदेखिएकोः** म.ले.प.फा.नं. २७० को प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदनसँग सोही प्रतिवेदनको टिप्पणी र अनुसुचीमा भएका प्राप्ति हिसाव यथार्थ हुनु पर्दछ । टिप्पणी र अनुसुचीमा भएको प्राप्ति हिसाव र म.ले.प.फा.नं. २७० को वित्तीय प्रतिवेदन प्राप्ति निम्न शिर्षकको रकमसँग मिलान भएको देखिएन ।

| संकेत | शिर्षक | म.ले.प.फा.नं.२७० | टिप्पणी १.२ (स्थानिय सरकारले उपयोग गर्ने राजस्व र अन्य प्राप्ति को विवरण) | अनुसूचि ३ (प्राप्तिको संक्षिप्त विवरण) |
|---|---|---|---|---|
| ११००० | कर | ५९०३१७३३/५५ | १३१३१७५९५/२३ | ५९०२६२८३/५५ |

टिप्पणी र अनुसुचीमा पनि एउटै शिर्षकमा फरक परक रकम हुनु हुँदैन र टिप्पणी र अनुसुचीको रकम म.ले.प.फा.नं. २७० सँग मेल नखादा प्राप्ति/भूक्तानी र मौज्दात रकम यथार्थत हो भन्ने आधारमा स्पष्ट हुन सकिएन । फरक फरक ठाउँमा फरक फरक प्राप्ति हुँदा संचित कोषमा मौज्दात पनि फरक पर्न जान्छ, यसबाट गाउँपालिकाको समग्र आम्दानी र खर्चमा समेत यकिन हुने आधार देखिएन ।

३ **बजेट पेश, पारित र अख्तियारीः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्त भित्र सभा बाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिन भित्र स्थानीयतहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकामा उपाध्यक्ष श्री चमेली गुरुङले मिति २०८०।०३।०७ मा नीति तथा कार्यक्रम र वजेट पेश भई रू ४० करोडल ३६ लाख २९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।१८ मा पारित भएको छ। यसै गरी गाउँपालिका प्रमुखले मिति २०८०।०३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

४ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन । जसले गर्दा गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार खरिदको गुरूयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरूको कार्य विवरण वनाई लागू गरेको पाईएन ।

• गाउँपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कनः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेखाङ्कन गर्नुपर्दछ ।

६ **प्रशासकिय संगठन तथा कर्मचारी दरबन्दीः**

स्थानीय सरकार संचालन ऐनको दफा ८३ मा पालिकाले आफ्नो कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता एवं विशिष्टतालाई ध्यानमा राखि कर्मचारी समायोजन पछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा संगठन संरचना कायम गर्नुपर्ने व्यवस्था उल्लेख छ। कार्यालयले उपलब्ध गराएको दरबन्दी तथा पदपूर्ति सम्बन्धि विवरणमा कुल दरबन्दी संख्या ५९ रहेकोमा स्थायी ४० जना र (समायोजनाबाट आउनुभएका स्थायी कार्यालय सहयोगी ३ जना सहित सहित ४३ जना ) तथा करार ३८, ज्यालादारी १, कार्यक्रम तर्फ ११. जना गरी जम्मा ९३ जना कर्मचारीहरू कार्यरत रहेको देखिन्छ। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा गाउँपालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । रिक्त पदहरू छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

७ **सेवा प्रवाहः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकार सम्वन्धी व्यवस्था छ । सेवा प्रवाह लाई चुस्त दुरुस्त एवं प्रभावकारी बनाउन पालिकाले ध्यान दिनुपर्दछ । गाउँपालिकाले यस आर्थिक वर्षमा निम्नानुसार

सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| क्र.स | विवरण | संख्या |
|---|---|---|
| १ | नागरिकता सिफरिस | ३९३ |
| २ | घरबाटो सिफारिस | १२६ |
| ३ | नाता प्रमाणित | १२६ |
| ४ | जन्म दर्ता | २२६ |
| ५ | मृत्यु दर्ता | १७७ |
| ६ | घरनक्सा पासको निवेदन | ६ |
| ७ | अन्य | १४५६ |

उल्लिखित विवरणबाट अन्य तर्फ १४५६ उल्लेख भएकोमा के के सेवा पुर्‍याएको स्पष्ट छैन ।

८ **बजेट तथा कार्यक्रम तर्जुमा:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता समितिको मिटिङ्ग बसेर आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

९ **बजेट सीमा निर्धारण समिति:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा गाउँपालिकाको उक्त समितिको बैठक २०८०।२।१० मा मात्र बसी श्रोत अनुमान गरेको पाइयो ।समितिले सिमा निर्धारण गरि वडामा पठाएको पाइएन। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१० **वार्षिक खरिद योजनाः**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरूयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरूयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रू ९२८५२५३५/८१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । गाउँपालिकाले उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरूयोजना नबनाई खरिद कार्य गरेको देखियो । उक्त नियमावली बमोजिम खरिद योजना/गुरूयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

११ **योजना प्राथमिकीकरणः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष ११५ र क्रमागत शुन्य गरी जम्मा ११५ योजना संचालन गरेको प्रगति पेश गरेको छ । सो मध्ये यसवर्षको ५ वटा योजना ठेक्काद्वारा र बाँकी १०६ योजना उपभोक्ता समिति मार्फत भएको छ भने ४ वटा योजना संचालन नै नभएको देखिन्छ।गाउँपालिकाले सञ्चाल नगरेका योजनाको किसिम, योजना संख्या, उक्त योजनाहरूको लागत अनुमान आर्थिक वर्षभित्र सम्पन्न कामको मूल्याङ्कन स्थिति एवं सम्पन्न अवस्था र चालु अवस्था सम्बन्धी विवरण पेश नगरेकोले योजनागत प्रगति सम्बन्धी विश्लेषण गर्न सकिएन। अत: छनौट भएका योजनाको किसिम, संख्या, लागत अनुमान, सञ्चालित योजना संख्या, सम्झौता रकम, सम्पन्न संख्या, सम्पन्न रकम, सञ्चालन हुन नसकेका योजनाको बजेट रकम सम्बन्धी विवरण अद्यावधिक गरी योजना सञ्चालन प्रक्रिया प्रभावकारी बनाउनुपर्दछ।तर गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ११५ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ६३ | १८ | २६ | १९ |
| २. | वडास्तरीय | ५२ | १ | २३ | २८ |
| | | ११५ | १९ | ४९ | ४७ |

उपर्युक्त विवरणअनुसार गाउँपालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १११ योजनामात्र कार्यान्वियन भई ४ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ गाउँपालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

१२ **लक्ष्य प्रगति:**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । गाउँपालिकाले पेश गरेको विवरण अनुसार शुन्य प्रगति भइका कार्यक्रम ४ वटा र बाँकी योजना ७५ प्रतिशत भन्दा माथि प्रगति भएको देखिन्छ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% भन्दा बढी प्रगति** |
| **कार्यक्रम संख्या** | ११५ | ४ | 0 | 0 | १११ |

१३ **कानून र सञ्चालन स्थितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४२ वटा नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस गाउँपालिकाले हालसम्म १५ वटा ऐन, ३६ कार्यविधि लगायत ५१ वटा कानुन राजपत्रमा प्रकाशन गरी कार्यान्यिनमा ल्याएको छ ।

१४ **न्यायीक समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी शुन्य र यो वर्ष थप भएको ४१ गरी कुल ४१ विवाद दर्ता भएकोमा ३५ वटा मात्र फर्स्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१५ **क्षेत्रगत वजेटः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । गाउँपालिकाको क्षेत्रगत रूपमा कुल बजेट ४१ करोड ५३ लाख १४ हजार र खर्च ३१ करोड ३८ लाख ४९ हजारको आधारमा समग्र रूपमा ७५.५६ प्रतिशत खर्च भएकोमा क्षेत्रगत बजेट खर्च प्रगति निम्नानुसार रहेको छ ।

| **क्र स** | **क्षेत्रगत बजेट** | **बजेट** | **खर्च रकम** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२७०००००।०० | १९३६७७४४।७५ | ६.३३ |
| २ | सामाजिक विकास | २०८५४००००।०० | १६६२५१४८०।९६ | ५४.३६ |
| ३ | पूर्वाधार विकास | ७८५३९०००।०० | ५४८४५०४७।३६ | १७.९३ |
| ४ | सुशासन विकास | ११९८६०००।०० | ८७५१४३४।०० | २.८६ |
| ५ | कार्यालय संचालन तथा प्रशासनिक | ७१८६४३७५।६७ | ५६६२६८५८।८९ | १८.५२ |
| **जम्मा** | | **४०३६२९३७५।६७** | **३०५८४२५६५।९६** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास तर्फ सबैभन्दा बढी ५४.३६ प्रतिशत र सुशासन विकास सबै भन्दा घटी २.८६ प्रतिशत रहेको छ ।

१६ **त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुचि २ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पुँजिगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ ।

| बजेट | कुल खर्च | त्रैमासिक खर्च (रु.हजारमा) | | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रे त्रैमासिक | चौथो त्रैमासिक | |
| पुँजिगत | ९२८५३ | ००.०० | ६२८४ | १७०२१ | ६९५४७ | ४९३२३ |
| खर्च प्रतिशत | १०० | ००.०० | ६.७७ | १८.३३ | ७४.९ | ५३.१२ |

गाउँपालिकाको कुल पुँजिगत खर्च रू ९ करोड २८ लाख ५३ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा खर्च नभएको, दोस्रो त्रैमासिकमा रू. ६२ लाख ८४ हजार ( ६.७७ प्रतिशत), तेस्रो त्रैमासिकमा रू १ करोड ७० लाख २१ हजार (१८.३३ प्रतिशत) र चौथो त्रैमासिकमा रू ६ करोड ९५ लाख ४७ हजार (७४.९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रू ४ करोड ९३ लाख २३ हजार (५३.१२ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरूप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१७ **विविध खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले गाउँसभा सञ्चालन तथा विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा , चिया, नास्ता, जुस, पानी अन्य खर्चमा समेत भुक्तानीका लागि रू १३२८६०४/- खर्च गरेको देखियो । गाउँपालिको आन्तरिक आम्दानी रू ३५९४४७४/६५ भएको अवस्थामा आम्दानीको करीब ३६.९६ प्रतिशत खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।केहि उदाहरण यसप्रकार छन ।

| क्र.सं. | गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ८-०८०/६/२३ | गाउँपालिकाको मिटिङ्गमा खाना/चिया/खाजाखर्च | ३३३३२/- |
| २ | २५-०८०/६/२४ | गाउँपालिकाको मिटिङ्ग र अतिथिति सत्कारको खाना/ खाजा खर्च | ३७१७०/- |
| ३ | ५५-०८०/६/२९ | विभिन्न समयको अतिथिति सत्कारको खाना/वास/चिया/खाजा खर्च | ५१०४५/- |
| ४ | ९४-०८०/७/२४ | विभिन्न समयको चिया/खाजा खर्च | १५६६२/- |
| ५ | १३२-०८०/८/२१ | पुरस्कार तथा सम्मान खर्च | ५००००/- |
| ६ | २२५-०८०/९/२१ | विभिन्न समयको अतिथिति सत्कारको खाना/चिया/खाजा खर्च | १९५८०/- |
| ७ | ३६३-०८०/११/३० | गाउँसभा र कार्यपालिकाको खाना/चिया/खाजा खर्च | २९७१०/- |
| ८ | ५७२-०८१/२/२३ | विभिन्न समयको गोष्ठी/मेला/ कार्यापालिकाको खाना/चिया/खाजा खर्च | १६२७०/- |
| ९ | ६२६-०८१/३/९ | सभासंचालन खर्चको खाना/चिया/खाजा खर्च | ३८०३०/- |
| ११ | ७८६-०८१/३/२३ | रेड पाण्डा ट्रफि खेलको व्यवस्थापन खर्च | १२५०००/- |

## १८ **खर्च बिश्लेषणः**

गाउँपालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रू ३५९४४७४/६५ राजस्व बाँडफाँड र अनुदानबाट रू ३३२६५६५७९.७ समेत रू ३३६२५१०५३.९५ आम्दानी भएकोमा चालु तर्फ रू २१२९९००३०/१५ र पूँजिगत तर्फ रू ९२८५२५३५/८१ समेत रू ३०५८४२५६५.९६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रू ५८०८२००/- खर्च भएको छ जुन आन्तरिक आयको १६१.५९ प्रतिशत रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६९.६४ प्रतिशत चालु र ३०.३५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गर्नुपर्दछ ।

## १९ **आर्थिक सहायताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीयतहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। गाउँपालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ।गाउँपालिकाले यस वर्ष रू. १९०६९०४/०० आर्थिक सहायता वितरण गरेका छन् । गाउँपालिकाको आन्तरिक आम्दानी रू ३५९४४७४/६५ भएको अवस्थामा आम्दानीको करीब ५३.०५ प्रतिशत खर्च लेखेको छ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ ।

केहि उदाहरणहरु निम्नानुसार रहेका छन् ।

| क्र.सं. | गो.भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ११४-०८०/०८/१३ | राष्ट्रिय दोहोरी गित प्रतिष्ठान लाई तिज कार्यक्रमको खर्च भुक्तानी | ४००००/- |
| २ | २११-०८०/३/२१ | लम्पी स्क्रिन रोगको महामरीबाट गाईको निधन भएकोमा रू ५००० देखि १५००० सम्म १३ घर धुरीलाई वितरण | ३०५०००/- |
| ३ | २०६-०८०/१०/८ | हावा हुरीबाट घर क्षति पुगेको कारण लाल प्रसाद आचार्यलाई | २५०००/- |
| ४ | ४५६-०८१/०१/०३ | बाढीपिडितबाट १८ घरधुरी पहिरोबाट क्षति पुगेकोलाई रू २५०० देखि १०००० सम्म वितरण | १६२५००/- |
| ५ | ७३६-०८१/३/१९ | असहाय र विपदमा परेकालाई विरामी खर्च रू १५००० देखि ५०००० सम्म विल अनुसार | ४०४८००/- |
| ६ | ८१९-०८१/३/२४ | असाह र विपदमा परेकालाई विरामी खर्च रू १०००० देखि ५०००० सम्म विल अनुसार | १४००००/- |
| ७ | ७३६-०८१/३/१९ | बाढी पहिरो आगोलागिबाट क्षति भएकालाई | ७००००/- |

२० **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन । अतः स्वीकृत ढाँचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ।

२१ **कर्मचारी व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८३(८)मा नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, बगैचे, प्लम्बर, इलेक्ट्रिसियन, चौकिदार, माली र सरसफाइ सम्वन्धी पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाको आधारमा सेवा करारमा लिनुपर्ने र सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन ।गाउँपालिकाले दरवन्दी नरहेका पदमा करारमा नियुक्त गरी करार सेवा वापतको पारीश्रमिक रू ३९३९५३४/- भुक्तानी गरेको देखियो। ऐनमा भएको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गरेको रकम नियमसँगत नदेखिएको रू .

| | |
|---|---|
| अनियमित भएको | ३९,३९,५३४ |

२२ **तलवी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | गाउँपालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रू १२९१७५०६/९८ र गाउँपालिकाका तर्फ रू १०१९७६६५/९४ समेत रू २३११५१७२/९२ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२३ **सहकारी नियमनः**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। गाउँपालिकाले उपलव्ध गराएको विवरणअनुसार गाउँपालिका भित्र १५ वटा सहकारी संस्था रहेका छन् । गाउँपालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी गाउँपालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

| क्र.स | नाम | ठेगाना | सेयर सदस्य | सेयर पुजी | वचत | ऋण लगानी |
|---|---|---|---|---|---|---|
| १ | धार्नाभुमिदेवि कृषि सहकारी | उत्तरगाय १ | 61 | 350,000 | 375,000 | 25,000 |
| २ | दोम्साङफुलबारी कृषि सहकारी संस्था लिमिटेड | उत्तरगाय १ | | | | |
| ३ | डाडाँगाउसानाकिसान कृषि सहकारी | उत्तरगया २ | 293 | 512,000 | 614,000 | 1,760,000 |
| ४ | गोसाइकुण्डबचत तथा ऋण सहकारी | उत्तरगया २ | 209 | 209,000 | 2,491,000 | 2,400,000 |
| ५ | श्रीदेविमहिला बचत तथा ऋण | उत्तरगया ३ | 252 | 1,900,000 | 360,000 | 1,900,000 |
| ६ | भुमिदेविबचत तथा ऋण | उत्तरगया ३ | 52 | 130,000 | 360,000 | 130,000 |
| ७ | कर्मिडाँडामहिला कृषि सहकारी | उत्तरगया ४ | 68 | 25,000 | 580,000 | 620,851 |
| ८ | लहरेपौवासाना किसान सहकारी संस्था | उत्तरगया ४ | 561 | 3,593,000 | 10,340,277 | 20,095,000 |
| ९ | उत्तरगयाकृषि सहकारी | उत्तरगया ५ | 343 | 14,711,700 | 9,782,012 | 21,378,940 |
| १० | रुद्रगंगा कृषक बहुउदेश्य सहकारी | उत्तरगया ५ | 1123 | 1,576,800 | 9,369,163 | 7,805,653 |
| ११ | मध्यवर्तीसंरक्षण बचत तथा ऋण | उत्तरगया ५ | 512 | 1,429,400 | 10,806,773 | 11,521,467 |
| १२ | लोकतान्त्रीकमहिला सहकारी संस्था लि | उत्तरगया ५ | | | | |
| १३ | पञ्चशिलमहिला महिला सहकारी | उत्तरगया ५ | | | | |
| १४ | लालिगुरासमहिला बहुउदेश्य सहकारी | उत्तरगया ५ | 306 | 730,000 | 5,715,000 | 6,619,000 |
| १५ | साथिबहुउदेश्य सहकारी संस्था लि | उत्तरगया ५ | 31 | 155,000 | 600,000 | 0 |

२४ **इन्धन खर्चः**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७ को बूँदा ७.१.१६ अनुसार सवारी साधन सुविधा पाउने पदाधिकारीलाई ईन्धन सुविधा पाउने गरी मापदण्ड तयार गरेको छ । कार्यालयमा रहेका सवारी साधनको लागि पाउने ईन्धन सुविधा सम्बन्धमा मापदण्ड, कार्यविधि बनाएको छैन। गाउँपालिकामा रहेका सवारी साधनमा डिजल र पेट्रोलले चल्ने सवारी साधनको छुट्टाछुट्टै अभिलेख राखी कुपन सिस्टमबाट इन्धन सुविधा उपलब्ध नगराएको र सवारी लकबुकको व्यवस्था पनि गरेको छैन ।गाउँपालिकामा चालु हालतमा रहेको पेट्रोलबाट चल्ने मोटरसाइकल -२३, स्कुटर-३ वटा र डिजलबाट स्कारपियो -१ संचालनमा रहेको देखिन्छ । यस वर्ष गाउँपालिकाले ईन्धनवापत रू १६४६०६३/- खर्च गरेको छ । सो बाहेक कन्टिन्जेन्सी र अन्य कार्यक्रमबाट समेत इन्धन खर्च गरेको देखिएकोले खर्चमा मितव्ययीता एबं आन्तरिक नियन्त्रण पद्धती अवलम्बन गरेको नदेखिएकोले आन्तरिक नियन्त्रण प्रणालीमा अनुसार उक्त खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२५ **भ्रमण खर्च :**

भ्रमण खर्च नियमावली, २०६४ को नियम १० मा दैनिक भत्ता तथा भ्रमण खर्च भुक्तानी विधि को १ मा एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालयबाट बीस किलोमिटरभन्दा बढी दुरी भएको अर्को कार्यालयमा सरुवा, बढुवा वा कायम मुकायम मुकरर भई जाने कर्मचारीलाई दैनिक भ्रमण भत्ता दिन सक्ने व्यवस्था छ।पालिकाले यस वर्ष संघीय र पालिका तर्फका कार्यक्रम स्वास्थ्य, शिक्षा, कृषि, पशु लगायतका कार्यक्रममा भ्रमण खर्च रू. १००१४४०। लेखेको देखिन्छ । गाउँपालिकाले कुन कुन वडामा जादा कति कोष हुन्छ भनि प्रमाणित नगरि वडा नं ५ बाहेहका अरु वडामा जादा आउदा भ्रमण भत्ता पाउने गरि भुक्तानी गरेको देखिन्छ । विभिन्न कार्यक्रममा भुक्तानी गरेको भ्रमण भत्ता दिन मिल्ने नमिल्ने यकिन गर्न सकिएन । गाउँपालिकाले कति कोष टाढा हो भनि प्रमाणित गरि भ्रमण खर्च दिनुपर्दछ । २० किलोमिटर भन्दा कम दुरिमा दैनिक भ्रमण भत्ता दिने कार्यलाई नियन्त्रण गर्नुपर्दछ।साथै अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित नभएको, तोकिए अनुसार भ्रमण अभिलेख खाता नरहेको, भ्रमण

पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरेको, गाउँपालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापत गाउँपालिकाको चालु शिर्षकबाट खर्च रू १२३४१००/- भुक्तानी गरेको देखिन्छ । यस्तो खर्च नियन्त्रण गर्नुपर्दछ ।

२६ **आय अनुमानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रू ३१ लाख ५० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रू ३५ लाख ९४ हजार अर्थात अनुमान भन्दा १४.११ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ ध्यान दिनु पर्ने देखिन्छ ।

२७ **आन्तरिक आयः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०८०/८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २२३५५९२३८.९८ | ३५९४४७४.६५ | १.६१ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.६१ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२८ **व्यवसाय करः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रू २००००/- कर सङ्कलन गरेकोमा गाउँपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट गाउँपालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ गाउँपालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनुपर्दछ ।

२९ **घर जग्गा बहाल करः**

बागमती प्रदेशको प्रदेश आर्थिक ऐन २०७५ को दफा ५ अनुसार गाउँपालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रूपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । यस वर्ष गाउँपालिकाले घर जग्गा वहाल कर शुल्क वापत रू १००४५२१/८६ कर संकलन गरेको छ। गाउँपालिकाले उक्त बहाल कर को क्षेत्रगत लगत नराखेकाले कुन क्षेत्रबाट कति बहाल कर उठ्छ भन्ने कुराको एकिन गर्न सकिएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ ।

३० **विज्ञापनकर-**

बागमती प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ५ मा प्रदेश भित्र राखिने होडिङ बोर्ड, साईनबोर्ड, व्यानर, ट्राई भिजन बोर्ड, ग्लोबोर्ड, स्टल, डिजिटलबोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लागाउने, लेख्ने वा विद्युतीय तरंगको प्रयोग गरी गरिएको प्रचारको लागी राखिने बस्तु वा सामाग्रीमा गरिने विज्ञापनमा कर लागाइ असूल गरीने उल्लेख छ । गाउँपालिकाको क्षेत्रभित्र रहेका यस्ता किसिमका विज्ञापनको अभिलेख राख्ने गरेको छैन।जसबाट गाउँपालिकाले कर संकलन गर्ने यथार्थ आधार मान्न सक्ने अवस्था नै छैन।तसर्थः गाउँपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका सम्पूर्ण विज्ञापनको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्ने देखिन्छ।

३१ **IEE प्रतिवेदन**

गाउँपालिका अन्तर्गत रहेका खोलाबाट ढुंगा गिटी बालुवा उत्खनन् गर्नको लागि IEE प्रतिवेदन तयार गरी सोहि IEE प्रतिवेदन अनुसार दहत्तर बहत्तर शुल्क संकलन गर्नुपर्नेमा पालिकाले IEE प्रतिवेदन तयार गरे अनुसार पालिका भित्रका विभिन्न ९ स्थानमा वार्षिक १७५९४६।- घनमिटर ढुंगा गिटी बालुवा उत्खनन् गर्न सकिने उल्लेख छ । पालिकाले उक्त स्थानमा ठ्क्का व्यवस्थापन गरी ढुंगा गिटी वालुवा संकलन गरी दहत्तर बहत्तर शुल्क असुल गर्नुपर्दछ।सो सम्बन्धमा पालिकाले IEE गरेको कतिपय स्थानमा लामटाङ् राष्ट्रिय निकुञ्जको सहमति प्राप्त नभएको र कतिपय स्थानमा उक्त स्थान यस पालिकाको नभई नुवाकोट जिल्लाको अर्कै पालिकाको भएकोले संकलन गर्न नसकिएको जानकारी गराएको छ । पालिकाले IEE प्रतिवेदन तयारको लागि सम्झौता गर्नु अगावै वा IEE प्रतिवेदन तयार गर्ने समयमा नै यस्ता विषयको निर्क्यौल गर्नुपर्दछ ।

३२ **दहत्तर बहत्तर शुल्क**

पालिकाले यस वर्ष अमानतबाट रू.१३३८७३७.०१ दहत्तर बहत्तर शुल्क असुल गरेकोमा पालिकाको १ जना कर्मचारीलाई जिम्मा दिइ नगदी रसिद प्रयोग गरी संकलन गरेको पाइयो ।अमानतबाट शुल्क संकलनको लागि प्रयोग भएको नगदि रसिदमा कुन प्रकारको सवारी साधन हो सो उल्लेख नगरि परिमाण मात्र उल्लेख गरेको, कतिपय परिमाणमा एकरुपता समेत नभएको ( एउटा नगदि रसिदबाट १०० देखि ६४० क्यु फिट सम्मको परिमाणमा उठाएको ) कारण सो परिमाण सम्बन्धी यकिन हुन सकिएन । पालिकाले नियमानुसार दैनिक आम्दानी र मासिक आम्दानीको अभिलेख समेत अद्यावधिक नगरेको कारण दहत्तर बहत्तर शुल्क वापत प्राप्त सबै रकम बैंक दाखिला भए नभएको सम्बन्धमा यकिन हुन सकिएन । साथै पालिकाबाट उपभोक्ता समिति मार्फत सञ्चालन भएका कतिपय योजनाहरुमा ढुंगा गिटी वालुवा collection गरेको अवस्थामा उपभोक्ता समितबाट समेत दहत्तर बहत्तर शुल्क असुली गर्न सकिनेमा पालिकाले संकलन गरेको पाइएन । यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

३३ **उठ्न बाँकी राजस्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयले राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भएतापनि त्यस्तो राजस्व स्वीकृत राजस्व बर्गिकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हसवली राजस्व आम्दानी दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले राजस्वको लेखांकन शुत्रमा गर्ने गरेको छ । शुत्रको राजस्व संकलनको प्रतिवेदनमा कर दाता अनुसारको लगत विवरणमा रु ३३८८६.७६ उठ्न बाँकी राजस्व देखिन्छ । उक्त रकम पालिकाले यकिन गरी सम्बन्धितलाई स्थानीय संचित कोष दाखिला गर्नलगाउनु पर्दछ ।

३४ **कर तथा शुल्क असुलीः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ०० | ०० | ०० |
| घरजग्गा वहाल कर | ३००००० | १००४५२१/८६ | ३३४.८४ |
| व्यवसाय कर | ०० | २००००/- | |
| वहाल विरौटी शुल्क | ०० | ०० | ०० |

गाउँपालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले कर असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनुपर्दछ।

३५ **कर्मचारी प्रोत्साहन भत्ताः** (८०९-२०८१-३-२४):

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । आर्थिक वर्ष ०८१/८२ को निति तथा कार्यक्रम, आर्थिक विधेयक, विनियोजन विधेयक, वजेट तर्जुमा साथै सूत्रमा ७ गते भित्र नै वजेट प्रविष्ट गरी श्रोत मिलान गर्नु पर्ने भनी कानुन तथा कार्यविधि नबनाई गाउँसभाबाट गाउँपालिकाका कर्मचारीहरूले कार्यालय समय अतिरिक्त तथा विदाको समयमा समेत गर्ने कार्य सम्पादन प्रभावकारी बनाउन खाइपाई आएको तलब १ महिनाको प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय गरि सोही निर्णय अनुसार प्रोत्साहन भत्ता प्राप्त गर्ने कर्मचारीको अतिरिक्त कार्य समयतालिका, प्रोत्साहन अनुपातको मापदण्ड, अतिरिक्त कार्य अवधिको हाजिरी सम्बन्धी कुनै अभिलेखको व्यवस्था नगरी रू.२७७४१९/- प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ। गाउँपालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

३६ **अनुगमन मूल्यांङ्कन खर्चः**

गाउँपालिकाको अनुगमन मूल्यांङ्कन कार्याविधी २०८० को खण्ड (ख) मा अनुगममत तथा सुपरीवेक्षण समितिको गठन, बैठक, अनुगमन विधि र सेवा सुविधामा अनुगमन मूल्यांङ्कनको वार्षिक कार्ययोजना बनाउनुपर्ने कार्यक्रमगत अनुगमन मूल्यांङ्कन सूचक तयार गर्नुपर्ने र अनुगमन समितले गरेको कामको प्रतिवेदन प्रत्येक ३ महिनामा गाउँपालिकाको वैठकमा पेस गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले यस वर्ष अनुगमन मूल्यांङ्कन रू ३ लाख ५४ हजार खर्च लेखेको छ । गाउँपालिकाले दैनिक भ्रमण भत्ता वरावरको एकदिनको अनुगमन भत्ताको दर कार्याविधिमा तोकेको देखिन्छ । सेवा सुविधा प्रदेश कानुनले निर्धारण गर्नुपर्नेमा गाउँपालिकाले प्रति दिनको दैनिक भ्रमण भत्ता सरह हुने गरी अनुगमन भत्ता तोकेको देखियो । यसरी प्रदेश कानुनले नै स्थानीय तहको सेवा सुविधासम्बन्धी कानुन वनाइ दिनुपर्नेमा गाउँपालिकाले आफैले तयार गरेको कार्याविधि अनुसार वार्षिक अनुगमन मूल्यांङ्कन कार्ययोजना नवनाइ प्रत्येक कार्यक्रमको छुट्टै अनुगमन मूल्यांङ्कन सूचक तयार नगरी अनुगमन मूल्यांङ्कन खर्च लेखेको नियमसम्मत देखिदैन । गाउँपालिकाले अनुगमन मूल्यांङ्कन सूचक तयार गरी मितव्ययिता कामय हुने गरी अनुगमन मूल्यांङ्कन गर्ने व्यवस्था गर्नुपर्दछ ।

३७ **फलफूल खेती प्रबर्द्धन** (३९५-२०८०-१२-१):

स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण मार्फत पठाएका कार्यक्रमहरुको प्राविधिक कार्य सञ्चालन प्रक्रिया रिपोर्टिङ तथा तथ्यांक व्यवस्थापन सम्बन्धी मार्गदर्शन, २०७७ अनुसार व्यवसायिक फलफूल खेती हुनको लागि कम्तिमा पनि २ रोपनी जग्गामा फलफूल खेती गरेको हुनु पर्दछ । उक्त निर्धारित जग्गामा फलफूलका विरुवा जात अनुसार १.५ मिटर देखि ६ मिटरको दुरीमा लगाउन २८ देखि ४४४ विरुवाहरुको आवश्यकता पर्दछ ।पालिकाले गाउँपालिका चालु शीर्षक अन्तर्गत व्यवसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रममा विनियोजित बजेटबाट व्यवसायिक फलफूल खेती गर्न आवश्यक पर्ने जग्गाको क्षेत्रफल, त्यसको स्वामित्व र आवश्यक पर्ने विरुवालाई विचार नगरी खेती गर्न इच्छुक कृषकहरु छनौट गरी रू. ५१४०००/० ढुवानी समेतमा २००० स्याउका, २०० ओखरका र २००० कफिका विरुवा खरिद गरी देहाय अनुसार वितरण गरेको देखियो । वितरण गरेको भरपाई परीक्षण गर्दा प्रति कृषक ५ देखि ६०० सम्म स्याउका विरुवा, प्रति कृषक २ देखि ५० सम्म ओखरका विरुवा वितरण गरेको देखिन्छ जसले गर्दा व्यवसायीक रुपमै फलफुल खेति गर्ने प्रयोजनको लागि विरुवा वितरण भए नभएको यकिन हुन सकेन । निर्देशिकाले निर्दिष्ट गरेबमोजिम मापदण्ड पूरा नगरी व्यवसायिक फलफूल खेतीको नाम दिई फलफूलका विरुवा खरिद गरी र प्रति कृषक न्यून परिमाणमा वितरण गरेको उचित देखिएन । पालिकाले यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विरुवा स्याउ | ६०० विरुवा प्राप्त गर्ने | १०० विरुवा प्राप्त गर्ने | ६५ विरुवा प्राप्त गर्ने | ५० विरुवा प्राप्त गर्ने | २५ विरुवा प्राप्त गर्ने | १० विरुवा प्राप्त गर्ने | ५ विरुवा प्राप्त गर्ने | |
| | १ कृषक | ५ कृषक | १ कृषक | १०कृषक | ५ कृषक | ५ कृषक | ११कृषक | |
| ओखर विरुवा | ५० विरुवा प्राप्त गर्ने | ३० विरुवा प्राप्त गर्ने | २० विरुवा प्राप्त गर्ने | १० विरुवा प्राप्त गर्ने | ५ विरुवा प्राप्त गर्ने | ४ विरुवा प्राप्त गर्ने | २विरुवा प्राप्त गर्ने | २विरुवा प्राप्त गर्ने |
| | २ कृषक | २ कृषक | १ कृषक | १कृषक | १ कृषक | २ कृषक | १ कृषक | १२कृषक |
| कफि | ५०० विरुवा प्राप्त गर्ने | १०० विरुवा प्राप्त गर्ने | ६५ विरुवा प्राप्त गर्ने | ५० विरुवा प्राप्त गर्ने | २५ विरुवा प्राप्त गर्ने | १० विरुवा प्राप्त गर्ने | ५ विरुवा प्राप्त गर्ने | |
| | १ कृषक | ५ कृषक | ३ कृषक | २०कृषक | ५ कृषक | १०कृषक | १० कृषक | |

३८ **सवारी साधन खरिद**

गो भौ १०५।२०८०।२।३ अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धि निर्देशिकाको निर्देशन नं १५.५ मा नेपाल सरकारबाट उपलब्ध गराएको समानिकरण अनुदानबाट कार्यालयको प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाइने उल्लेख छ । पालिकाले यो वर्ष रु. ९१३२००/० को ३ वटा दुई पाङ्ग्रे सवारी साधन मोटर साईकल खरिद गरेकोमा रु. ६१३०००/० समानिकरण अनुदानबाट भुक्तानी भएको छ ।कानुनी प्राबधान विपरित समानिकरण अनुदानबाट सवारी साधन खरिदमा भएको खर्च नियमसंमत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,१३,२०० |

३९ **कोल्डस्टोर भण्डारण** (७४९-२०८१-३-२०):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा एक लाख देखि माथिको मालसामान वा सेवा खरिद गर्दा लागत अनुमान तयार गर्नुपर्ने तथा खरिद नियमावलीको नियम ८५ बमोजिम सोझै खरिद गर्दा तीन वटा फर्मबाट कोटेशन लिई घटी वालासँग माल सामान वा सेवा खरिद गर्नु पर्ने उल्लेख छ । पालिकाले पालिका क्षेत्र भित्रका किसानहरुको आलु विउ भण्डारणको लागि साथी बहुउद्देश्यी सहकारीसँग सेवा उपलब्ध गराउने सम्बन्धमा उक्त सेवाको लागत अनुमान तयार नगरेको तथा खरिदको लागि कोटेशन माग गरेको देखिएन । पालिकाले सहकारी संस्थाले २०६ किसानको ११३६ बोरा आलु भण्डारण गरेको र प्रति वोरा ४३९ रुपैंयाको दरले रू. ४९८७०४।० शूल्क माग गरी विवरण पेश गरेको आधारमा सहकारी संस्थालाई भुक्तानी गरेको छ । नियमावलीमा व्यवस्था भए बमोजिम सोझै खरिद गर्दा तीन वटा फर्मबाट कोटेशन लिई घटी वालासँग माल सामान वा सेवा खरिद गर्नुपर्दछ ।.

४० **अतिरिक्त कक्षा सञ्चालन**

निश्चित मापदण्ड तथा कार्यविधि बनाएर कार्यक्रम सञ्चालन गर्नुपर्दछ । पालिकाले कार्यविधि नबनाई देहायका विद्यालयहरुमा अंग्रजी गणित र विज्ञान तीन विषयमा कक्षा ८, ९ र १० का विद्यार्थीहरुलाई ३ महिना अतिरिक्त सञ्चालनको प्रति विद्यार्थी प्रति विषय प्रति महिनाको २०० को दरले रू. ४५००००।० अतिरिक्त कक्षा सञ्चालन अनुदान उपलब्ध गराएको छ । निलकण्ठ मा वि बाहेक अन्य विद्यालयहरुमा लाई कक्षा ८, ९ र १० मा २० जना भन्दा कम विद्यार्थीहरु रहेको अवस्थामा नियमित कक्षामा विद्यार्थीहरुको पढाई तथा शिक्षण विधि प्रभावकारी हुन नसकेको समबन्धमा सोको कारण पहिचान र समाधान नखोजी अतिरिक्त कक्षा सञ्चालनमा खर्च गरी व्ययभार बढाउनु उचित देखिएन ।यस्तो खर्च नियन्त्रण हुनुपर्दछ ।

४१ **उपकरण अनुदान**

पालिकाले बनाएको व्यवसायिक कृषकका लागि दुध उत्पादन तथा विक्रिमा आधारित अनुदान वितरण कार्यक्रम कार्यविधि, २०८० मा निर्वाहमुखी पशुपालन प्रणालीलाई व्यवसायीकरण गरी दुध तथा दुग्ध व्यवसायमा संलग्न कृषकहरुको आय स्तरमा वृद्धि गर्दै ग्रामीण अर्थतन्त्रमा सहयोग पुर्‍याउन दुध तथा दुग्ध पदार्थ संकलक व्यक्ति, समुह र सहकारी संस्थालाई आवश्यकताको आधारमा डेरी सञ्चालनको लागि पूर्ण वा लागत सहभागिताको आधारमा समाग्रीहरु खरिद गरी अनुदान दिन सकिने उल्लेख छ । पालिकाले तीन वटा

स्थानमा दुध संकलन र एक स्थानमा डेरी व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने मेशिनरी औजार खरिद गरी उपलब्ध गराउने गरी कालिका बहुउद्देश्ययी सहकारी संस्थासँग सम्झौता गरी चिलिङ भ्याट मेशिनरी औजार रु. १६७५८४१/ को अनुदान उपलब्ध गराएको छ ।ती मेशिनरी औजारहरु खरिदमा उक्त सहकारीको लागत सहभागिता समावेश छैन । सम्झौतामा १० वर्ष सम्म यो व्यवसाय निरन्तर सञ्चालनमा रहनुपर्ने उल्लेख गरेकोमा यो अनुदानको अभिलेखिकरण र निरन्तरण अनुगमन मूल्यांकनको स्थायी संयन्त्र निर्माण गरेको नदेखिएकोले अनुदान रकमबाट सञ्चालित व्यवसायबाट स्थानीय पशुपालक कृषकहरु दिर्घकालसम्म लाभान्वित हुन्छन भनी आश्वस्त हुन सकिएन । अनुदानको पुर्ण र दिर्घकालिन रुपमा उपयोगको लागि अनुदानको अभिलेखिकरण गर्नुको साथै स्थायी अनुगमन संयन्त्र निर्माण गरी अनुगमन मूल्यांकनलाई निरन्तरता दिनु पर्दछ ।

४२ **अन्य कार्यालयको खर्चः** (१८२-२०८०-९-१२):

आर्थीक आर्थीक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा १८ मा वजेट निकासा सम्वन्धि व्यवस्था रहेको छ। सो ऐनको दफा १८(४) मा एक मन्त्रालय वा निकाय मातहतको कार्यालय मार्फत कार्यक्रम संचालन गरी खर्च गर्न आवश्यक भएमा विनियोजन भएको निकायलको सचिवले सम्वन्धित मन्त्रालय वा निकायको सचिवलाई खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ । उक्त व्यवस्थाको पालना वेगर यो वर्ष छुट्टै अस्तित्व र वजेट व्यवस्था भएका जिल्ला स्थित निकायको खर्च यस गाउँपालिकाले व्यहोरेको छ । गाउँसभाबाट पारित वजेट तोकिएको कार्यमा मात्र खर्च गर्नु पर्ने हुँदा अन्य निकायबाट भएका खर्चको विल भुक्तानी गर्नु हुँदैन । यस वर्ष गाउँपालिकाले संघिय तर्फको प्रहरी चौकि वेत्रावति, रसुवाले मोटरसाईकल मर्मत गरेको भनि मिति २०८०/९/१२ को पत्र सहित विल पेश गरी भुक्तानीको लागि अनुरोध गरेको आधारमा भ्याट सहित रू १९१०९/- उक्त वीलको भुक्तानी मर्मत गरेको भनि भुक्तानी गरेको देखियो । यसरी गाउँपालिकाले अन्य कार्यालबाट गरेका खर्चको विल भुक्तानी नियमसम्मत नदेखिएको रू ......

| | |
|---|---|
| अनियमित भएको | १९,१०९ |

४३ **प्रविधि हस्तान्तरणः**

गाउँपालिकाले स्तरोन्नती तथा प्रविधि हस्तान्तरण कार्यक्रम अर्न्तगत गत आर्थिक वर्षमा आधारभूत सिलाई कटाई तालिम लिएकालाई ६०/८० प्रतिशत अनुदानमा रू ६२३०००/- मूल्यका ८१ थान सिलाई मेशिन खरीद गरी उपलव्ध गराएकोमा पटके निर्णयका आधारमा खरिद तथा वितरण गरेको छ । खरिदको लागत अनुमान, स्पेशिफिकेशन नवनाउँदा खरिद मुल्य पटकै पिच्छे फरक रहेकोले खरिद मुल्य यथार्थपरक छ भन्ने आधार देखिदैन र खरिद मितव्ययी छ भन्न सकिने आधार छैन । विगतमा यस्ता कार्यक्रम रहेकोमा को को व्यक्तिलाई कति मेशिन वितरण गरिएको थियो यसको कुनै विवरण अद्यावधिक छैन जसले गर्दा दोहोरो परे नपरेको यकिन हुन सकेन । यस्तै प्रकारको अनुदान प्रदेश सकरकारबाट पनि वितरण गर्ने गरेकोले दोहोरो पर्न जाने पनि देखिन्छ । तसर्थ नियमित अनुगमन गरी वितरण भएका कार्ययोजना तयार गरी अभिलेखिकरण गरी दोहोरो नपर्ने गरी अनुदान दिने गर्नु पर्ने देखिन्छ । छनौटका आधारहरू के के हुन र के कसरी मूल्यांकन भई छनौट भएको हो सो खुल्ने आधार केही देखिदैन। निश्चित कानूनी आधार वेगर छनौटका आधार वेगर अनुदान दिएको उपयूक्त देखिएन । यस्ता वितरण प्रक्रियालाई गाउँपालिकाबाट व्यवस्थित गरी अनुदान दिने व्यवस्था गर्नु पर्दछ । लेखापरीक्षणको क्रममा नमूना छनौटको आधारमा अनुदानको परीक्षण गर्दा निम्न फर्म सँग खरीद गरी वितरण गरीएका केही उदाहरण निम्नानुसार छ ।

| शिर्षक | गो.भौ.नं. र मिति | विवरण | संख्या | रकम | ६० प्रतिशत अनुदान | ८० प्रतिशत अनुदान |
|---|---|---|---|---|---|---|
| गाउँपालिका चालू | ४९३-०८१/१/२१ | ओभरलक सिलाई मेशिन | ५० | ६२५००३।- | ३७५०००/- | |
| | २४९-०८०/१०/८ | सिलाई मेशिन | ३१ | ३१०००४/- | | २४८०००/- |

४४ **वितरणको भरपाई पेश नभएकोः** (४७८-२०८१-१-१७):

( ✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-११** को निर्णयले रू **५७६,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

४५ **वितरणमुखी खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले बिद्यालयका,खेलकुद सामाग्री र सास्कृतिक कार्यक्रम लगायत अन्य समाग्रीमा रू ३९०२४९५/- भुक्तानी दिएको छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट गाउँपालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ । वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

| क्र.सं | गो.भौ.नं. र मिति | भुक्तानी पाउने फर्म | बिबरण | भुक्तानी रकम रू |
|---|---|---|---|---|
| १ | ११५-०८०/८/१५ | भैरव समप्लायर्स नुवाकोट | विभिन्न विद्यालयलाई white bord वितरण | १५९८९५/- |
| २ | १४५-०८०/८/२२ | बिभिन्न विद्यालयलाई | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन खर्च | ७५७८७२/- |
| ३ | २१०-०८०/९/२१ | एनएलजि इन्सुरेन्स कम्पनि लि. | दूधालू पशु विमा कार्यक्रमको भुक्तानी | १३०९५५/- |
| ४ | २६४-०८०/१०/८ | बिभिन्न विद्यालयलाई | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन खर्च | १५९६२०/- |
| ५ | ३५०-०८०/११/२९ | एनएलजि इन्सुरेन्स कम्पनि लि. | दूधालू पशु विमा कार्यक्रमको भुक्तानी | ३७३३०/- |
| ६ | ४१२-०८०/१२/०९ | गोटेगाउँ सिम्ले सामाजिक संस्थालाई | फूटवल कार्यक्रमको व्यवस्थापन खर्च | १०००००/- |
| ७ | ४५९-०८१/०१/०४ | बिभिन्न विद्यालयलाई | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन खर्च | १०००००/- |
| ८ | ४५७-०८१/०१/०३ | सेति देवि जनरल सप्लायर्स नुवाकोट | पैरवि टोल विकस संस्थालाई वाड नं ४ लाई भाँडा वर्तन खरीद | २०००००/- |
| ९ | | सेति देवि जनरल सप्लायर्स नुवाकोट | घिमिरे टोल विकस संस्थालाई वाड नं ४ लाई भाँडा वर्तन खरीद | २९७५७१/- |
| १० | ५५३-०८१/०२/१४ | जिल्ला खेलकुद विकास समितिलाई अनुदान | प्रदेश स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन खर्च | २०००००/- |
| ११ | ७७३-०८१/०३/२२ | गोसाईकुण्ड युवा क्लव | माघे संक्रान्तिमेलामा गोरूजुधाई कार्यक्रम व्यवस्थापन खर्च | १०००००/- |
| १२ | ७७८-०८१/३/२२ | अविसेक कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | कट्टुन्जे देउरालीको लागि भाँडा वर्तन खरीद | ४०११५२/- |
| १३ | ८०७-०८१/३/२३ | श्री राजेन्द्र प्याकुरेल | उत्कृष्ट खेलाडी तथा प्रशिक्षकलाई सम्मान खर्च | १३०६५०/- |
| १४ | ८११-०८१/०३/२४ | भरोसा ट्रेड एण्ड सप्लायर्स | तेक्वान्दो प्रशिक्षण कार्यक्रमको खेलकुद सामाग्री व्यवस्थापन खर्च वाड नं. ४ | १५३०००/- |
| १५ | ८१०-०८१/३/२४ | निलकण्ठ मा.वि. | इन्धन खर्च | ४०००००/- |
| १६ | ६५३-०८१/३/१३ | विभिन्न लाई | आरन सुधार कार्यक्रमको अनुदान | १५००००/- |
| १७ | ६५४-०८१/३/१३ | विभिन्न लाई | आरन सुधार कार्यक्रमको अनुदान | २०००००/- |
| १८ | ६६५-०८१/३/१४ | विभिन्न लाई | आरन सुधार कार्यक्रमको अनुदान | १०००००/- |
| १९ | ६७०-०८१/३/१४ | विभिन्न लाई | आरन सुधार कार्यक्रमको अनुदान | १२४४५०/- |
| | | | जम्मा रू | ३९०२४९५/- |

४६ **प्रमाण पेश गर्नु पर्नेः** (७७६-२०८१-३-२२):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने छ भनि व्यवस्था छ।गाउँपालिकाले रसुवा जिल्लाका जनतालाई ब्लड जुनसुकै वेला उपलव्ध गराउने भनि नेपाल रेडक्रस सोसाइटि नुवाकोट लाई रू २०००००/- अनुदान उपलव्ध गराएको छ। सो अनुदानको अनुगमन प्रतिवेदन सहित उपलव्ध सेवा स्पष्ट हुने गरी प्रमाण पेश गर्नु पर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

४७ **अनुदानको प्रमाण पेश गर्नु पर्नेः** (७६०-२०८१-३-२१):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्नेछ भनि व्यवस्था छ।गाउँपालिकाले यस वर्ष ३ वटा सामुदायिक स्वास्थ्य ईकाईलाई आम्दानीको श्रोत नभएको भनि गाउँपालिका समानिकरण शिर्षकबाट रू ५००००/- का दरले रू १५००००/- अनुदान उपलव्ध गराएको छ । सो अनुदानको अनुगमन प्रतिवेदन पेश नभएकोले सम्वन्धित कार्यमा खर्च भए नभएको भएन यकिन हुन सक्ने आधार देखिएन । खर्च पुष्टि हुने आधर प्रमाण पेश हुनु पर्ने रू .

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५०,००० |

४८ **एम्बुलेन्सः**

एम्बुलेन्स निर्देशिका, २०७८ मा एम्बुलेन्स सेवा अस्पताल र स्वास्थ्यसँग सम्वन्धित संस्थाद्वारा मात्र दिइने व्यवस्था छ । सो विपरीत गाउँपालिकाले मिति २०८०/०६/२२ को निर्णयले कालिका बहुउद्देश्यीय सहकारी संस्था लि.लाई बार्षिक मुनाफाको ५० प्रतिशत गाउँपालिकामा बुझाउने र चालकको तलव रू १८०००/- गाउँपालिकाबाट व्यहोर्ने गरी सम्झौता गरेको छ । सहकारी संस्थाले वर्ष भोरीको आम्दानीमा रू १११२४१/-नोक्सान देखाई सम्झौता बमोजिमको रकम पालिकामा जम्मा गरेको देखिएन । गाउँपालिकाबाट रू १८०७२०/- चालाकको तलव भत्तामा भुक्तानी गरेको देखिन्छ ।निर्देशिका विपरीत सहकारी संस्थालाई एम्बुलेन्स संचालन गर्न दिएको उचित नदेखिएकोले एम्बुलेन्स गाउँपालिकामा ल्याई संचालन गर्नुपर्दछ ।

४९ **फरक शिर्षक खर्चः**

आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८(२) वमोजिम स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम तथा सम्बन्धित खर्च शिर्षकमा परेको खर्च गर्न वाँकि रकम यकिन गरी खर्च गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले तपशिल वमोजिमका खर्चमा एक शिर्षकमा तोकिएकोमा बजेट तथा कार्यक्रम अर्कै असम्बन्धी कार्यक्रममा खर्च गरेको तपशिल वमोजिमको खर्चलाई नियमसम्मत नदेखिएको रू .

| गो भौ नं र मिति | भुक्तानी पाउने | गर्नुपर्ने खर्च | खर्च लेखेको | खर्च रकम |
|---|---|---|---|---|
| २०८-०८०/९/२० | श्री चुडामणि भट्टराई | दैनिक भ्रमण भत्ता | अनुगमन मूल्याँकन | १५१००/- |
| २१३-०८०/३/२१ | श्री अमृता पन्थ | दैनिक भ्रमण भत्ता | अनुगमन मूल्याँकन | २७००/- |
| | श्री निर्मला पन्थ | दैनिक भ्रमण भत्ता | अनुगमन मूल्याँकन | २७००/- |
| २१४-०८०/९/२१ | | दैनिक भ्रमण भत्ता | अनुगमन मूल्याँकन | ११३००/- |
| | | | जम्मा रू | ३१८००/- |

| | |
|---|---|
| अनियमित भएको | ३१,८०० |

५० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७६ अनुसार प्रधानमन्त्री रोजगार कार्क्रमको मूख्य उद्देश्य मुलक भित्र रोजगारका प्रयाप्त अवसर सिर्जना गरि उपलव्ध बेरोजगार जनशक्तिको लगत तयार गरि आर्थिक विकासमा योगदान पुर्‍याउने सुनिश्चितता गरी सामाजिक सुरक्षाको ब्यवस्था गर्नु रहेको छ । स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।कार्यविधि अनुसार बेरोजगार युवाको लगत तयार गरि उनिहरूलाई रोजगारको अवसर प्रदान गरि उनीहरूको आर्थिक विकासमा सहयोग पुर्‍याउने योजना संचालन गर्नुपर्नेमा सो अनुसार संचालन भएको देखिदैन।तसर्थः कार्यक्रमको मुल मर्म अनुसार कार्यक्रम सञ्चालन गरी आर्थिक विकासमा योगदान पुग्ने गरी गर्नु पर्दछ। स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवं सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेकोछ।यस कार्यक्रम अन्तर्गत स्थानीयतह भित्रका वडाहरूमा गोरेटो बाटो निर्माण, खानेपानी मर्मत, नाली सरसफाई, मोटर बाटो, मन्दिर निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी ५ वडामा यस वर्ष ३८ जना लाई रोजगारी उपलव्ध गराई रू २६०२८००।- खर्च गरेको छ।लक्षित वर्ग लाई औषत दिन १०० दिन सम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्च वाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन। साथै सो को अनुगमन प्रतिवेदन समेत राखेको देखिएन ।

५१ **भेन्डिङ मेसिनको प्रयोग** (१९९-२०८१-३-२४):

आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को (च) मा सम्पत्ति वा जिन्सी मालसमानको प्रयोग भए नभएको सुनिश्चित गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निशुल्क स्यानिटरी प्याड व्यवस्थापन शिर्षकबाट ३ वटा भेन्डिङ मेसिन रु. १०९५००।- मा खरिद गरेको देखिन्छ । श्री ढुङ्गे आ.वि, नवज्योती महेन्द्र मा.वि र पञ्चलिङ्गे आ.वि लाई हस्तान्तरण गरेको जनाएतापनि उक्त मेसिन सञ्चालन गरेको प्रमाण पेश नभएकोले उक्त मेसिनहरुको सञ्चालनको सुनिश्चितताको प्रमाण पेश गर्नुपर्ने रू ....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०९,५०० |

५२ **पुस्तक वितरण प्रमाण** (३४-२०८१-२-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । पालिकाले विभिन्न विद्यालयमा वितरण गर्नको लागि Students Smart Book Level I र Level II को २७५ थान पुस्तक खरिद गरेकोमा उक्त किताबहरु विभिन्न विद्यालयहरुमा वितरण गरेकोमा निम्न विद्यालयमा रु. ८८५७५।- को विद्यालयले बुझेको भरपाई पेश नगरेकोले उक्त पुस्तक विद्यालयले बुझेको प्रमाण पेश हुनुपर्ने रु

| सि.नं | विद्यालयको नाम | पुस्तक विवरण र संख्या | दर | रकम |
|---|---|---|---|---|
| १ | डाँडा गाउँ मा.वि. | Level I १२<br>Level II ४ | १३७५<br>१४६० | २२३४० |
| २ | दिपेन्द्र प्रा.वि. | Level I ७<br>Level II ३ | १३७५<br>१४६० | १४००५ |
| ३ | सिम्ले प्रा.वि. | Level I ४<br>Level II ४ | १३७५<br>१४६० | ११३४० |
| ४ | सरस्वती आ. वि. | Level I ७<br>Level II ३ | १३७५<br>१४६० | १४००५ |
| ५ | भुमेदेवी मा.वि. | Level I ११<br>Level II ६ | १३७५<br>१४६० | २३८८५ |
| | | | | ८८५७५ |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **१२,६३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८५,५७५ |

५३ **सञ्चालनमा नरहेको विद्यालय**

शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ को क्रियाकलाप नं १५.७ मा स्थानीय तहको साझेदारीमा विद्यालयको भौतिक सर्वेक्षण तथा नक्शाङ्कनको प्रतिवेदन तयार गर्ने, प्राप्त प्रतिवेदनको आधारमा विद्यालय अनुमति, विद्यालय समायोजन र एकिकरण जस्ता विषयमा निर्णय गर्ने अधिकार रहेको छ । तपसिलमा उल्लेखित विद्यालयहरु भुकाप पछाडि कुनै पनि विद्यार्थी अध्ययन गर्न नआएको कारण निस्क्रिय अवस्थामा रहेकोमा ती विद्यालयका शिक्षक, बालबिकास सहजकर्ता (ECD), र विद्यालय सहयोगि समेत ८ जना अन्यत्र विद्यालयमा स्थान्तरण गरी तलब भत्ता खुवाएको छ । देखिएका व्यहोरा निम्नानुरसार छन ।

| क्र.स | विद्यालयको नाम | प्रा.वि शिक्षक | ECD शिक्षक | वि. सहयोगी |
|---|---|---|---|---|
| १ | श्री भुमेदेवी प्रा.वि | १ | १ | १ |
| २ | श्री कालिका प्रा.वि | १ | १ | १ |
| ३ | बाल उदय प्रा.वि | १ | | १ |

**क.** उल्लेखित विद्यालय समायोजन, एकिकरण नगरी निस्क्रिय विद्यालयबाटै तलबी प्रतिवेदन पारित भएको देखिन्छ । विद्यालयको ईमिस रेकर्डमा विद्यालय विवरण नदेखिएको र निकासा रकम विद्यालयको खातामा नगएको देखिन्छ । पालिकाले स्थायी शिक्षक लाई अन्य विद्यालयमा समायोजन गरी दरबन्दी मिलान गर्नुपर्ने र करारका कर्मचारीहरु कटौती गर्नुपर्ने देखिन्छ ।पालिकाले करारका दरबन्दी कटौति नगरी अन्य विद्यालयमा आवश्यकता हो होइन सो को मूल्याङ्कन समेत नगरी दरबन्दी नभएको विद्यालयमा करारका कर्मचारी खटाउदा राज्यलाई रू ११०२००० थप व्ययभार पारेको नियमसंगत नदेखिएको रू.

| क्र.स | संङ्या | संघीय खर्च | पालिका खर्च | वार्षिक खर्च |
|---|---|---|---|---|
| ECD शिक्षक | २ | १००० | ७००० | ४७२००० |
| विद्यालय सहयोगी | ३ | ८००० | ७००० | ६३०००० |
| जम्मा | | | | ११०२००० |

**ख.** सञ्चालनमा नरहेका शिक्षकहरु कालिका मा.वि, निलकण्ठ मा.वि, तिरु आ. वि र चिप्लेटी आ.वि खटाएको देखिन्छ । ती विद्यालयमा बालविकास सहजकर्ता (ECD) र विद्यालय सहयोगी दरबन्दी रिक्त रहेको देखिदैन । यसरी दरबन्दी वेगर विगत वर्षदेखिनै सञ्चालनमा नआएको बिद्यालयमा दरबन्दी राखी करारका शिक्षकलाई तलब भत्ता वितरण गरेको उचित देखिदैन। पालिकाले यस सम्बन्धमा ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

| | |
|---|---|
| अनियमित भएको | ११,०२,००० |

५४ **बढि ग्रेड**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **३,८२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **३,८२१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ० |
|---|---|

५५ **शिक्षक दरबन्दी अवस्था**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको छ ।

| विद्यालय संङ्या | स्वीकृत दरबन्दी | पदपूर्ती | पदपूर्ती मध्ये करार | राहत | रिक्त | विद्यार्थी संङ्या |
|---|---|---|---|---|---|---|
| १९ | ९९ | ९९ | १२ | १३ | ० | १५९९ |

पालिका अन्तर्गत १९ विद्यालयमा ९९ दरबन्दि रहेकोमा ९९ पदपूर्ति रहेको र पदपूर्ति मध्ये १२ जना करार र १३ जना राहत शिक्षक रहेको देखिन्छ । १९ विद्यालयमा जम्मा विद्यार्थी संख्या १५९९ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढि भएको विद्यालयबाट कम विद्यार्थी भएको विद्यालयमा शिक्षकको दरबन्दी मिलान एवं न्युन विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

५६ **स्यानीटरी प्याड**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ अनुसार प्रत्येक सामुदायिक विद्यालयका छात्रालाई निशुल्क सेनिटरी प्याड समयमै दिने व्यवस्था छ । पालिकाले यो वर्ष सेनिटरी प्याड मिति २०७८०/०३/१५ मा २५०० प्याकेट रु.२०३०००।- मा खरिद गरी विद्यालयलाई वितरण गरेको देखिन्छ । स्वास्थ्यसँग संवेदनशिल विषयमा वर्षको अन्त्यमा खरिद गर्दा लाभान्वित वर्गले जति पाउने हो त्यति नपाएको हुनसक्ने देखिएकोले समयमै खरिद गरि वितरण गर्नुपर्ने देखिन्छ ।

५७ **समानीकरण अनुदान बाट शिक्षक तलब**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । गाउँपालिकाको स्वीकृत दरबन्दीमा नपरेका गाउँपालिकाले ३ वटा विद्यालय ३ जना स्वयमसेवक शिक्षक नियुक्ती गरी तलब भत्ता वापत रु. १२७०२४१।- खर्च लेखेको छ । वित्तीय समानिकरण अनुदानबाट पालिकाले निजि शिक्षक नियुक्ती गरी खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

५८ **छात्रवृत्ति वितरण**

उत्तरगया छात्रवृत्ति वितरण सम्बन्धी कार्याविधि,२०७९ अनुसार उच्च शिक्षा अध्ययन गर्ने २ जना हेल्थ असिस्टेन्ट, १ जना एम.वि.वि.एस, २ जना स्टाप नर्स, १ जना पशु विज्ञान, २ जना सिभिल ईन्जीनियर १ र १ जना विद्यावारिधि समेत १० जनालाई रू ८६०००० अध्ययन छात्रावृत्ति प्रदान गरेको छ । यस्तो छात्रवृत्ती प्रत्येक वर्ष अघिल्लो समेस्टरको पास भएको आधारमा अध्ययन पुरा नगर्दा सम्म दिने उल्लेख छ । यसरी पालिकाले प्रत्येक वर्ष डाक्टर, इन्जिनियर लगायतमा छात्रबृत्ती दिएकोमा अध्ययन समाप्त पश्चात छात्रावृत्ति पाउने विद्यार्थीको पालिकामा योगदान के हो भन्ने सम्बन्धमा कुनै उल्लेख छैन । यस प्रकृतिको छात्रवृत्ति गत विगत देखि के कति लाई दिएको हो सो को अभिलेखिकरण गरेको पनि देखिएन र आन्तरिक स्रोत करिब ३५ लाख रहेको अवस्थामा प्रत्येक वर्ष यस्ता किसिमका शिर्षकम हुने खर्च र सो को प्रभाव समेतको विस्तृत विश्लेषण नगरी आन्तरिक आम्दानीको करीब २५ प्रतिशत प्रत्येक वर्ष छात्रवृत्ति वापत रकम भुक्तानी गर्नु उचित देखिएन । यस्ता किसिमका वितरणमुखी कार्यक्रम संचालन गर्दा पालिकाले आफ्नो आन्तरिक आय र खर्च गर्ने क्षमतालाई आधारमा मानेर निर्णय गर्नुपर्नेमा सो गरेको पाइएन । पालिकाले यस सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।

५९ **निशुल्क पाठ्यपुस्तक अनुदान**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ अनुसार सार्वजनिक विद्यालयका विद्यार्थिहरुका लागी निशुल्क पाठ्यपुस्तक अनुदान कार्यक्रममा स्थानीय तह अन्तरगत सञ्चालित विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थिहरुलाई IEMIS मा प्रविष्ट तथ्याङ्कलाई आधार मानि पहिलो किस्तामा ७५% र दोस्रो किस्तामा २५% दिने व्यवस्था छ।यस आर्थिक वर्षमा विद्यार्थिहरुका लागी निशुल्क पाठ्यपुस्तक अनुदान वापत रु.८१४२३९।- खर्च भुक्तानी गरेको देखिन्छ।पालिकाले

शैक्षिक सत्रको सुरुवातमै विद्यार्थीले पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गरेको पाइएन । यस सम्बन्धमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६० **हेफर प्रोजेक्ट द्धारा कृषि कार्यक्रम**

कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुसरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र कृषि, पशु बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल) र पालिका वीच रु ३२८५७१४३।- को लागत साझेदारीमा मिति २०८२।०१।१५ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०८०।०१।१३ मा सम्झौता भएको छ । कुल लागत मध्ये ७० प्रतिशतले हुने रकम रु २३०००००० पालिकाले र बाँकी हुने रकम रु ९८५७१४३।- हेफरले व्यहोर्ने व्यवस्था गरेको छ।यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व. २०८०।८१ मा रु. ७२६२१३३।- भुक्तानी भएको छ । हेफर इन्टरनेशनलसँग बहु वर्षीय दायित्व सिर्जना गर्ने गरी सम्झौता गर्नु बजेट नीति तथा सिद्धान्त बमोजिम देखिएन ।यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छन् :

(क) पालिकाले हेफरसँग कृषि तथा पशु उद्यमशिलता विकास परियोजना सञ्चालनको लागि दुई वर्षको लागि सम्झौता गरेको मध्ये पालिकाबाट गर्ने खर्च मध्ये तालिममा रु. ६०८७०००।– र प्राविधिक सेवा तथा मुल्याङ्कनमा रु. २०५६१००।- समेत रु. ८१४३१००।- हेफरलाई उपलब्ध गराउने गरी सम्झौता गरेको छ। पालिकामा रहेका स्थायी दरबन्दी भित्रको कृषि शाखाबाट सम्पादन गर्नुपर्ने नियमित काम उक्त गैरसरकारी संस्थालाई भुक्तानी गर्ने गरी सम्झौता गरेकोले पालिकालाई थप व्ययभार परेको छ ।

(ख) पालिकाले सम्पादन गर्नुपर्ने कार्यक्रमहरु जस्तो बाख्रा वितरण, खोर सुधार, घाँसको विउ वितरण तथा सचेतनासम्वन्धि तालिम कार्यक्रमहरुलाइ व्यवस्थापन गर्न दरवन्दी अनुसार कृषि तथा पशू प्राविधिक कार्यरत रहेको, कृषि तथा पशू सेवामा योगदान पुरयाउन एक पालिका एक प्राबिधिक को छुट्टै व्यवस्था गरिएकोमा यस्ता कार्यक्रमहरु कार्यालयका कर्मचारीहरुवाट नै नगराई परमर्शदाताको खोजी गरि हेफर प्रोजेक्ट नेपालबाट गराईनु युक्तिसंगत देखिएन।अत पालिकाका कृषि प्राविधिकबाट सम्पादन हुने पालिका भित्रका कामलाई पालिकाले समानिकरण अनुदानबाट गैरसरकारी संस्थालाई भुक्तानी गर्ने काम नियन्त्रण गर्नुपर्दछ।

(ग) पालिकाले नागरिकलाइ पुर्‍याउनुपर्ने आधारभूत कृषिमा आफ्नु स्वीकृत सम्रचनामार्फत सेवा पुर्याउनु पर्नेमा यस प्रकार अन्तराष्टिय गैरसरकारी सस्था कार्य गराउदा खरिद ऐन २०६३ को दफा ३१ मा सूचीमा समावेश भएका आशयपत्रदाता सँग ३० दिनको सूचना दिई प्राविधिक एवं आर्थिक प्रस्ताव माग गर्नुपर्ने गुणस्तर र लागत विधि वा न्युन लागत विधिबाट छनौट गर्ने र खरिद सम्झौता पश्चारत सेवा प्रदायकबाट अग्रीम बैंक जमानत लिई सम्झौता रकमको २ प्रतिशतसम्म पेश्की दिन सकिने व्यवस्था छ । पालिकावाट हेफर प्रोजेक्ट नेपाललाई विना कुनै जमानत दुई किस्तामा रु. ९० लाख पेश्की दिएको नियमसम्मत भएन ।

(घ) पालिका र हेफर नेपाल बीच भएको सम्झौता भएकोमा शत प्रतिशत कार्य दिगो उद्यम तथा वातावरण विकास सिड्स संस्था नेपाल मार्फत गराएको छ।हेफर नेपाल संस्थावाट दिगो उद्यम तथा वातावरण विकास सिड्स संस्था मार्फत सम्झौताको शत प्रतिशत कार्य गराई भुक्तानी लिएको पाईयो ।सम्झौताको अनुसार संचालित कार्यक्रमको कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७७ बमोजिम चौमासिक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने र कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि पालिका स्तरीय अनुगमन तथा मूल्याङ्कन समितिले कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेकोमा पालिकावाट स्थलगत अनुगमन सहित कमि कमजोरी भएकोमा सुधार गर्न लगाउने गरी प्रतिवेदन तयार भएको छैन् ।

(ङ)सम्झौता बमोजिम परियोजनाको प्रगति प्रतिवेदनमा क्रियाकलाप सम्पादन भएको र त्यसवाट आएको उपलब्धी र सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी हेफर संस्थाले पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ । हेफर प्रोजेक्ट नेपालले यस कार्यक्रम वाट प्राप्त उपलब्धी र पारेको प्रभाव प्रतिवेदनमा समेटी पालिकामा पेश गर्ने गरेको देखिएन।उपलब्धी र प्रभावलाई मापन गर्ने वस्तुगत आधार तथा मापदण्ड तयार नगरी सम्झौता भएको छ।यसले गर्दा यो कार्यक्रम सञ्चालन पूर्व लक्षित परिवारहरुको कृषि तथा पशुवस्तुहरुको उत्पादन

वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास को बास्तविक अवस्था एकिन गरेको छैन् भने कार्यक्रम सञ्चालन पश्चात कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकासमा के कस्तो सुधार तथा परिवर्तन भयो विश्लेषण गर्न सक्ने अवस्था रहेन।वस्तुगत आधार तथा मापदण्ड तयार नगरी कार्यक्रम सञ्चालन गर्नाले सरकारी खर्चको प्रतिफल र गुणस्तरमा आस्वस्त हुन सकिएन ।

(च) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार कुनै कारोबार गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थाई लेखा नम्वर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्थावाट मात्र गर्नुपर्ने र रु २० हजार भन्दा बढीको खरिद गर्नुपर्दा मु.अ.कर दर्ता भएकाबाट गर्न पर्ने व्यवस्था रहेको छ।त्यस्तै मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १० अनुसार कुनै कारोबारमा संलग्न हुन चाहने व्यक्तिले कारोबार शुरु गर्नु भन्दा अघि कारोबार दर्ता गरेको हुनुपर्ने र दफा १४ अनुसार बस्तु वा सेवा आपुर्ति गर्दा प्रापकलाई बिजक दिनुपर्ने र नियमावली, २०५३ को नियम १७ अनुसार दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनुसूची- ५ र ५क बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष हेफर प्रोजेक्ट नेपाल लाई रु. ७२६२१३३।- भुक्तानी गरेको र हेफर प्रोजेक्टले दिगो उद्यम तथा वातावरण विकास सिड्स मार्फत कार्यक्रम कार्यान्वियन गराएकोमा हेफर प्रोजेक्ट नेपाल वा स्थानिय साझेदारले नियमानुसारको विजक वा कर विजक जारी गर्ने गरेको छैन् र पालिकाले समेत विल विजक माग नै नगरी कारोबार रकम भुक्तानी दिने गरेको देखियो ।अत : कानून अनुसार बिल विजक जारी नै नगरी आर्थिक कारोबार गरेको देखिएकोले नियमसम्मत देखिएन । हेफर नेपालसँग कार्यक्रम सम्झौता भएकोले सोही संस्थाले बिजक जारी गर्नु पर्नेमा स्थानीय गैर सरकारी संस्था प्रयोग गरी खर्चका बिल भरपाईहरु पेश गरेको अवस्थामा भुक्तानी हुने गरेकोले पालिकावाट भुक्तानी भएको कार्यक्रममा लागत साझेदारी गर्नुपर्नेमा संस्थाको कर्मचारी तलब जस्तो प्रशासनिक कार्यमा गैरसरकारी संस्थाले ३० प्रतिशत योगदान गर्ने र ७० प्रतिशत वास्तविक कार्यक्रम खर्च पालिकाले वेहोर्ने गरी सम्झौता गरेकोले गैह्सरकारी संस्थाको आफ्नै कर्मचारीको तलव खर्च साझेदारी रकममा परेको र बैँक ग्यारेण्टी बिना पेश्की दिई काम गराउने कार्य गरेको उचित देखिएन ।

(छ) परियोजलाले कृषि, पशु र बागवानी सम्बन्धी विउँ, बाख्रा, भैसी, गाई लगायतका खरिद गरी वितरण गरेकोमा गाँउपालिकाको १०० प्रतिशत लगानी भएको छ तर सम्बन्धित समूहलाई पालिकाको नभई हेफरको सहयोग भनी वितरण गरिएकोमा पालिकाको लगानीको स्वामित्व देखिदैन । लाभग्राही कृषकलाई वितरण गरिएका बाख्रा, भैसी, गाई लागायतका पशु चौपायाको वितरणको भरपाई पेश भएको भएतापनि उक्त पशु चौपाया बेच विखन गर्ने, काटी मासी नगर्ने लगायतका प्रतिवद्धता करार समेत नगराई वितरण गरिएकोले निजहरुले बुझेका पशु चौपाया मार्फत अधिकतम लाभ लिइ उद्यमशिलता विकास हुनेमा सुनिश्चितता हुन सकिएन। उक्त खरिद भएका सामग्री एवं पशु चौपायाको गुणस्तर परीक्षण गरेको पाइएन ।

६१ **फिल्ड भत्ता** (६४५।५२२।६५६-):

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **१७,५७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **१७,७७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **१५,३७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **१७,५७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **१५,१७८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रु **१४,३८२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६२ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा २५ लाखसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । सोहि बमोजिम पालिकाले यो वर्ष संघीय सशर्त बजेट बाट रु.२०८७०००।- बराबरको औषधि खरिद गरेको छ । आपूर्ती हुने औषधि डव्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको, भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।औषधिको जिन्सी खाताका आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६३ **लागत सहभागिताः**

गाउँपालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्दछ । तर गाउँपालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

६४ **उपभोक्ता समितिः**

गाउँपालिकाले उपभोक्ता समितिबाट गराएका ११५ योजनाको लेखापरीक्षणको क्रममा परीक्षण गर्दा सार्बजनिक खरीद ऐन, २०६३ को दफा ४४ मा उल्लेख भएका विषय स्पष्ट नगरेको, सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ विपरीत जटिल प्राविधिक पक्ष समावेश हुने कार्य समेत उपभोक्ता समिति मार्फत गराउने गरेको, योजनाको भुक्तानीमा संलग्न गरीएका अधिकांश विल भरपाई प्रमाणित नगरेको, विवरण पूर्ण रूपमा नभरीएको, सहि छाप नभएको अवस्था देखिएको छ । त्यस्तै नियम ११५.१ अनुसार गुणस्तर परीक्षण गर्ने गराउने, समितिले गरेका खर्चको अनुमोदन गरी सार्वजनिक गर्ने, सामाजिक परीक्षण गर्ने एवम् निर्माण कार्यको स्थान पहिचान हुने गरी स्पष्ट विवरण राख्ने कार्यमा उपभोक्ता समिति गठन परिचालन र संचालन कार्यविधि २०७५ अनुसार थप सुधार गर्नुपर्ने देखिन्छ ।

६५ **विमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुले बीस लाख भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य गर्दा निर्माण सामाग्री मेशिन औजार वा पलाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च विमा गराउनु पर्ने उल्लेख छ । गाँउपालिका पूँजीगत कार्यक्रम अन्तर्गत २० लाख माथीको निर्माण कार्यको उपभोक्ता समितिहरुले विमा गरेको देखिएन । सम्भावित जोखिम बहन गर्न नियमको व्यवस्था अनुसार उपभोक्ता समितिहरुले बीस लाखभन्दा माथिको कार्यको विमा गर्नुपर्दछ ।

६६ **करेली खोला झोलुङ्गे पुल**

पालिकाले करेली खोला झोलुङ्गे पुल निर्माणको लागि रु. ३६४०७५९.९६ को लागत अनुमान स्विकृत भएकोमा पालिकाले स्टील पार्टश खरिद गरी उपभोक्ता समिति मार्फत कार्य सम्पन्न भएको छ । सो सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार रहेका छन् ।

६६.१ **गाउँपालिकाको योगदानः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नाप जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। करेली खोला झोलुङ्गे पुल निर्माणको स्विकृत लागत अनुमान अनुसार योजनाको लागत सहभागितमा गाउँपालिकाको योगदान १३ प्रतिशत हुने

उल्लेख छ । लागत अनुमानमा निर्माण सामग्री ( Cables, bulldog grips, steel parts बाहेक) २४३७७६.७५ र ज्याला वापतको रु १९४४१२८ लागत रु.२१८७९०५।- हुँदा पालिकाको योगदान ४७३२९८।- अर्थात २१.६३ प्रतिशत रहेको छ । सोहि अनुरुप कार्यसम्पन्न अनुसार निर्माण सामग्री र ज्याला समेत रु.२१३८२२४।- को कार्यसम्पन्न भएकोमा लागत अनुमानमा भएको अनुपात अनुसार रु.४६२४९७।- पालिकाको तर्फबाट भुक्तानी हुनुपर्नेमा उक्त पुल निर्माणको अन्तिम बिल भुक्तानी गर्दा सबै रकम संघीय सरकारबाट हस्तान्तरित शसर्त अनुदानबाट खर्च लेखेकोले संघीय सरकारबाट बढी खर्च लेखेको रु.४६२४९७।- संघीय सञ्चितकोषमा फिर्ता गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६२,४९७ |

६६.२ **कार्य सम्पन्न प्रतिवेदनः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ अनुसार सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपुर्ति गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गर्दा सो को प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। झोलुङ्गे पुल निर्माणको लागि रु. ३६४०७५९.९६ को लागत अनुमान स्विकृत भएकोमा पालिकाले स्टिल पार्टस खरिद गरी उपभोक्तालाई दिएको, पुलको लागि आवश्यक ( Cables, bulldog grips, steel parts) रु. १९१९४५।- SWAp को सामाग्री अनुदान र बाँकी रकम SWAp नगद अनुदान, पालिकाको योगदान एवं उपभोक्ता समितिको अंश समेत गरी लागत अनुमान अनुसारको कार्यसम्पन्न बनाउनु पर्नेमा सो अनुरुप एकमुष्ट कार्य सम्पन्न प्रतिवेदन तयार भएको पाइएन । पालिकाले पुलको लागत अनुमान अनुसार वास्तविक कार्यसम्पादन भए बमोजिमको एकमुष्ट कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्दछ ।

६६.३ **अनुपातिक कट्टीः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । करेली खोला झोलुङ्गे पुल निर्माण कार्यको लागि उपभोक्ता लागत अनुमान रु.२१५७१४४.०० रहेकोमा उपभोक्ता समितिको लागतको रु.७२८१५.०० अर्थात ३.३७ प्रतिशत हुने गरि सम्झौता भएकोमा रु.२१३८२२४.०० को मात्र कार्यसम्पन्न भएको छ । सम्झौता अनुसार कार्यसम्पन्न रकमबाट उपमभोक्ताको योगदान ३.३७ प्रतिशत अर्थात ७२०५८।– घटाएर भुक्तानी गर्नुपर्नेमा उपभोक्ताको योगदान रू.५७२४७।– मात्र घटाएर भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रु.१४८११।– करेली खोला झोलुङ्गे पुल निर्माण उपभोक्ता समितबाट असूल हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,८११ |

## ६७ उपभोक्ता समितिबाट सरकारी भवन निर्माण

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको निर्माण पश्चात मर्मत सम्भार र सञ्चालन लाभग्राही समुदायबाटै हुने र स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। पालिकाले आफै निर्माण गर्नुपर्ने विद्यालय भवन (सरकारी कार्यालय भवनहरु) उपभोक्ता समितिबाट गराई देहाय अनुसार रु.४१४३६१२ ।- खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु नियमसंमत नदेखिएको रू.

| विवरण | लागत रकम |
|---|---|
| मालिका देवी आधारभूत विद्यालय | १८३१००० |
| तिरु आधारभूत अधूरो भवन | २३१२६४२ |
| | ४१४३६१२ |

| | |
|---|---|
| अनियमित भएको | ४१,४३,६१२ |

६८ **रितपुर्वको कर विजक**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **४७९,०७६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६९ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३० र ३१ मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्नु पर्ने भएमा परामर्श सेवा दिन इच्छुकहरुबाट सो सम्बन्धी आशय पत्र संकलन गर्न सूचना प्रकाशन गर्नुपर्ने, पर्न आएका आशय पत्रदाताको योग्यता र अनुभवका आधारमा आशयदाताको संक्षिप्त सूची तयार गरी सो सूचीमा परेका परामर्शदातासँग प्रस्ताव माग गर्नुपर्ने, तोकिए अनुसार विधि छनौट गरी आर्थिक र प्राविधिक प्रस्तावको मूल्यांक गरी प्रस्तावदाताको प्रस्ताव छनौट गरी सम्झौता गर्नु पर्ने उल्लेख छ । पालिकाले २ वटा वडाका स्वास्थ्य चौकीहरुमा टेलि मेडिसिन सेवा सञ्चालन गर्न नेपाल टेलि मेडिसिन सोसाइटीसँग सम्झौता गरी सेवा सञ्चालन गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् ;

• पालिकाले मासिक न्यूनतम रु. ६००००/० तथा वार्षिक रुपमा ७२००००/० सेवा शुल्क तिर्ने गरी अर्थात परामर्श सेवा लिने विरामीको संख्या १०० जना भन्दा बढी भएमा उक्त शुल्कमा प्रति विरामी थप ६०० रुपैंया दिने गरी परामर्श दातासँग २ वर्षको लागि सम्झौता गरी यो आर्थिक वर्षमा रु ५०००००/० भुक्तानी गरेको छ । परामर्श सेवा खरिद गर्दा उपरोक्तमा उल्लेख भए बमोजिम आसयपत्र संकलन, आशयदाताको संक्षिप्त सूची निर्माण, आशयपत्रदातासँग परामर्श सेवाको प्रस्ताव माग, र निश्चित विधि अवलम्वन गरी प्रस्ताव मूल्यांन तथा छनौट जस्ता खरिद नियमावलीले तोकेका प्रक्रिया अवलम्वन नगरी सोझै सम्झौता गरेको देखिएकोले उक्त परामर्श सेवा वापत भएको भुक्तानी नियमसंगत नदेखिएको रु. ५०००००

• मासिक सेवा लिने विरामीको संख्या १०० अर्थात वार्षिक १२०० माथिको अनुमान गरी परामर्श सेवा सम्झौता गरेकोमा पालिकाले उपलब्ध गराएको विवरण अनुसार टेलि मेडिसिनसेवा शुरु गरेको यो वर्ष (२०८० साउन देखि २०८१ असार मसान्तसम्म ) सेवा लिने विराहीहरुको संख्या २४० जना मात्र रहेको पाइयो । अनुमान गरेको भन्दा ८० प्रतिशत कम संख्यामा सेवाग्राही देखिएकाले यस सेवाको प्रभावकारीता र सम्झौता शुल्कमा पुनर्विचार हुनुपर्दछ ।

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

७० **पाइप जडान** (१६-२०८१-३-२०):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त वमोजिम प्राविधिक नाप जाँच गरी भुक्तानी दिनुपर्ने उल्लेख छ। पधेराखोला खानेपानी आयोजनामा निम्नानुसार ९०० मिटर खानेपानी पाइप खरिद गरेकोमा नापी किताब अनुसार ४५२ मिटरमात्र पाइप जडान भइको देखिएकोले बाँकी ४४८ मिटर पाइप जडान भएको प्रमाण पेश हुनुपर्ने रु.

| खरिद पाइपको परिमाण | खन्ने पुर्ने काम भएको परिमाण | जडान भएको नदेखिको परिमाण | दर औषत के.जी. मा | रकम |
|---|---|---|---|---|
| २५ एम एम १० के.जी. ३०० मी.<br>३२ एम एम ६ के.जी. ३०० मी.<br>४० एम एम ६ के.जी. २०० मी.<br>५० एम एम ६ के.जी. १०० मी. | ४५२ मिटर | ४४८ मिट। | १०८.३५ | ४८५४४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४८,५४४ |

७१ **निर्माण कार्यको गुणस्तर परीक्षण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ तथा निर्माण व्यवसायीसँग भएको सम्झौतामा स्पेशिफिकेसन अनुसार निर्माणमा प्रयोग हुने सामाग्रीहरुको गुणस्तर परीक्षण हुनु पर्ने उल्लेख छ । सोहि नियमावलीको दफा ९७ मा उपभोक्ता समिति संग कार्य गराउँदा सार्वजनिक निकायले सम्बन्धित कार्यको डिजाइन देखि नापजाँच सम्मका कार्य र अन्य आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, सुपरीवेक्षण र गुणस्तर नियन्त्रण गर्ने उल्लेख छ ।पालिकाले यस वर्ष ठेक्का व्यवस्थापन गरेका अधिकांश ठेक्का ३० प्रतिशत भन्दा बढी घटेको देखिन्छ । यसरी संचालन भएका कतिपय ठेक्कामा वि.ओ क्यु मा राखेको भएता पनि गुणस्तर परीक्षणको लागि वि.ओ.क्यु मा राखेकोमा पनि गुणस्तर परीक्षण नगरेको, उपभोक्ताको कामको पनि परीक्षण नगरेको देखिन्छ ।खाल्टे वस्ति संरक्षणमा पि सि सि १:२:४ प्रति घनमिटर रु.७०, प्लम कन्क्रिट प्रति घनमिटर रु.४५०० लयायतमा कम रेटमा काम गर्ने गरी ठेक्का स्विकृत भएकोमा उक्त निर्माण कार्यको गुणस्तर परिक्षण गरेको पाइएन जसले गर्दा निर्माण व्यवसायीले गरेको काम गुणस्तरिय भए नभएको सम्बन्धमा यकिन हुन सक्ने अवस्था छैन । पालिकाले सञ्चालित योजनाहरुको कामको गुणस्तर परीक्षण गर्न लगाउने र कतिपय अवस्थामा निर्माण व्यवासायीले पेश गरेको विलको आधार मात्र नभई पालिकाले समेत थप परीक्षण गराउनु पर्ने देखिन्छ ।

७२ **विमा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री प्रयोग गरिने मेसिन औजार वा प्लान्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्च लगायत उपनियम २ मा लेखिए देखि वाहेक सम्पूण जोखिम वहन गर्ने गरी वीमा गराउनु पर्ने तथा वीमा गराएर मात्र निर्माण कार्य गराउनु पर्ने व्यवस्था छ । सोहि अनुसार विमा गर्दा के कति रकमको विमा गर्नुपर्ने, मेशिन उपकरण, कामदार, कर्मचारी लगायतको कति रकमको विमा गर्ने, त्यसको deductible के कति हुने लगायतका विषय सम्झौताको विशेष शर्तमा राख्नुपर्नेमा पालिकाले यस वर्ष ठेक्का व्यवस्थापन गरेका सबै ठेक्कामा विमासम्बन्धी व्यवस्थामा यस्ता विषय खुलाएको पाइएन जसले गर्दा विमा गर्दा निर्माण व्यवसायीले आवश्यक सबैपक्षको विमा गरे नगरेको यकिन हुन सकिएन । पालिकाले आगामी दिनमा वोलपत्र सम्बन्धी कागजात तयार गर्दा यस्ता विषयमा ध्यान पुर्याउनु पर्ने देखिन्छ ।

७३ **सामाजिक सुरक्षा तर्फ**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन-२०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४, सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि-२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष रु.५१११०९४३।- निकासा।खर्च भएको आर्थिक विवरण पेश भएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन् ।

७३.१ **निष्कृय लाभग्राही:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता सञ्चालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरुमध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्जीकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले बैंक मार्फत सम्बन्धितको लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि प्रथम, दोस्रो, तेस्रो र चौथो चौमासिकमा रु. ५१११०९४३।- निकासा दिएकोमा निकासा बराबर नै खर्च लेखेको पाईयो । गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैँकबाट प्राप्त गरेको छैन । कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैँकहरुले निष्कृय खाताको विवरण तोकिएको समयावधिमा तयार गरी पालिकालाई उपलब्ध गराउने र कार्यालयले पनि समयमा नै विवरण प्राप्त गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

७३.२ **निरीक्षण तथा अनुगमनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम नेपाल सरकारको सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नियमित, केन्द्रीय पञ्जीकरण विभागले बिशेष सूचक बनाई, प्रदेश सरकारको मन्त्रालय तथा गाउँ कार्यपालिकाका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुख वा स्थानिय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएता पनि यस वर्ष सम्बन्धित निकायले कार्यविधि अनुसार अनुगमन तथा निरीक्षण गरेको पाइएन ।

७३.३ **मृत्य भैसकेकोलाई भत्ता वितरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ९ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको योग्यता सम्बन्धमा व्यवस्था छ साथै सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिको नाम हटाउने र उपनियम ४ मा ऐन विपरित हुने गरी भत्ता . लिएको पाईएमा सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले मृत्यु भइसकेका परिचयपत्र नं २०१००५१३०११४८ का कृष्ण बहादुर दर्जीको २०८०।११।२४ मा मृत्यु भएको हुदा उक्त लाभग्राहीको 04408035670018 खातामा रु.३१२०० भुक्तानी हुनुपर्नेमा रु ३६००० भुक्तानी भएकोले रु ४८०० बढी भुक्तानी भएको सम्बन्धीतबाट असुल गर्नुपर्ने रु.

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **२२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **३५,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **८,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **२७,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१५** को निर्णयले रू **२२,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८०० |

७३.४ **प्रतिबेदनः** सामाजिक सुरक्षा नियमावली,२०७६ को नियम २३ मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको चौमासिक तथा वार्षिक प्रतिवेदन नियमको अनुसुची ६ को ढाँचामा तयार गरि उपनियम २ मा तोकिएको समायवधि भित्र विभाग तथा प्रदेशको सामाजिक सुरक्षा सम्बन्धी विषय हेर्ने निकायमा पठाउनुपर्ने व्यवस्था छ । पालिकाबाट यस सम्बन्धी विवरण लेखापरीक्षणको क्रममा पेश हुन नआएकोले नियमको व्यवस्थाको पालना भए नभएको सम्बन्धमा एकिन गर्न सकिएन ।

७३.५ **पारदर्शिता :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(३) बमोजिम पारदर्शिता प्रवर्धनका लागि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लागग्राहीहरुको नाम नामेसी सम्बन्धित स्थानीय तहले आफ्नो वेभ साइटमा राख्ने व्यवस्था भएकोमा पालिकाले आफ्नो वेभसाइटमा राखेको देखिएन ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : उत्तरगया गाउँपालिका, रसुवा , उत्तरगया गाउँपालिका , रसुवा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | होमनाथ दाहाल | २०८१-१०-१३ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | Dipak Prasad Adhikari | २०७९-४-१ | २०८१-१०-६ |
| लेखा प्रमुख | धर्मराज आचार्य | २०८०-११-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Rupchandra Adhikari | २०७८-१२-२८ | २०८०-११-६ |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २४०,९२५ | १०,३४९,२५५ | २,१२३,८२२ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १२,७१४,००२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | १,२८९,०२० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ११,४२४,९८२ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ४६९०४८१२.८८ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २३२५१३६२३.९३ | **चालु खर्च** | २१२९९००३०.१५ |
| **प्रदेश सरकारबाट अनुदान** | ३१४५११५६९.०९ | **पूँजीगत खर्च** | ९२८५२५३५.८१ |
| **राजश्व बाँडफाँट** | ६८६९१३८६.६८ | **वित्तीय/अन्य व्यवस्था** | ७८९६६५२६.६६ |
| **आन्तरिक आय** | ३५९४४७४.६५ | | |
| **अन्य आय** | ५७३९७१५४.५ | | |
| **कुल आय** | ३९३६४८२०८.८५ | **कुल खर्च** | ३८४८०९०९२.६२ |
| **बाँकी मौज्दात** | | ५५७४३९२९.११ | |

## अनुसूची - २

## बेरूजु दफा २.२ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| सि.नं. | आय तर्फ | | | सि.नं. | व्यय तर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | बिबरण | रकम | रकम | | बिबरण | रकम | रकम |
| १ | **गत बर्षकोमौज्जात अ/ल्या/ रकम** | | **४६९०४८१२/८८** | १ | **चालुखर्च** | | **२१२९९००३०/१५** |
| | संचित कोषखाता | ४२०२५४०९/६९ | | | आन्तरिक श्रोत | १४६०२९०५/- | |
| | विविध कोषखाता ग ५ समुह | ४००००/- | | | नेपाल सरकार समानीकरण अनुदान | ३४९९०४८७/७५ | |
| | धरौटीखाता | ३२१२७४०/५२ | | | नेपाल सरकार सशर्त अनुदान | ११३१६३४८६/५१ | |
| | प्रकोप ब्यबस्थापन कोष खाता ग ७समुह | ८१०१६३/- | | | प्रदेश सरकार समानीकरण अनुदान | २०२०७२७/- | |
| | विविध खर्च खाता /कोष- बैंक (ग२-७) | ४५६४९९/६७ | | | प्रदेश सरकार सशर्त अनुदान | २८७९११६/- | |
| २ | **राजस्व** | | **७२२८५८६१/३३** | | राजस्व बाँडफाँड - स्थानीय | ६११४००/- | |
| | आन्तरिक राजस्व | ३५९४४७४/६५ | | | राजस्व बाँडफाड प्रदेस सरकार तर्फ | ५५३५४०५/- | |
| | राजस्व बाँडफाँड - स्थानीय | २३०३०८३/१० | | | राजस्व बाँडफाड संघीय सरकार तर्फ | ३९१८६५०२/८९ | |
| | राजस्व बाँडफाँड - प्रदेश सरकार | ९०९३३७८/१४ | | २ | **पुजीगतखर्च** | | **९२८५२५३५/८१** |
| | राजस्व बाँडफाँड - संघीय सरकार | ५७२९४९२५/४४ | | | आन्तरिक श्रोत | १८११५५४१/०९ | |
| ३ | **संघिय सरकार अनुदान** | | **२३२५१३६२३/९३** | | नेपाल सरकार समानीकरण अनुदान | २३२९६८००/- | |
| | बितिय समानीकरण | ७२०७५०००/- | | | नेपाल सरकार सशर्त अनुदान | १२९८४६७१/५१ | |
| | सशर्त अनुदान चालु | १३५६२२४४०/- | | | संघीय सरकार समपुरक अनुदान | ४००१५५६/६९ | |
| | शसर्त अनुदान पुजिगत | १४१०००००/- | | | संघीय सरकार विशेष अनुदान | ६४४३३७६/९८ | |
| | संघीय सरकार समपुरक अनुदान | ४०१४५७०/६ | | | प्रदेश सरकार सशर्त अनुदान | १२३७७८७०/- | |
| | संघीय सरकार विशेष अनुदान | ६७०१६१३/३३ | | | प्रदेश सरकार विषेश अनुदान | ३३२३३८१/८९ | |
| ४ | **प्रदेश सरकार अनुदान** | | **३१४५१५६९/०९** | | प्रदेश सरकार समपुरक अनुदान | ३५५४३६३/- | |
| | बितिय समानीकरण | ७२६००००/- | | | प्रदेश सरकार समानीकरण अनुदान | ४८२३४०१/६५ | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | सशर्त अनुदान | १५९३४०००/- | | | राजस्व बाँडफाड प्रदेस सरकार तर्फ | १६६०१८६/- | |
| | विषेश अनुदान | ४६१२७०८/६६ | | | राजस्व बाँडफाड संघीय सरकार तर्फ | २२७१३८७/- | |
| | समपुरक अनुदान | ३६४४८६०/४३ | | **३** | **अन्तरसरकारी अख्तियारी-संघीयसरकार** | | **५१७३४७२३/-** |
| **५** | **अन्तरसरकारी अख्तियारी-संघियसरकार** | | **५१७३४७२३/-** | | गरिबसंग विश्वेश्वरकार्यक्रम[३३६००१०२३] | ४०८७८०/- | |
| | गरिबसंग विश्वेश्वरकार्यक्रम[३३६००१०२३] | ४०८७८०/- | | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम३७००००११४३ | २१५०००/- | |
| | स्वास्थ्य क्षेत्र सुधारकार्यक्रम ३७००००११४३ | २१५०००/- | | | सामाजिक सुरक्षा तथासंरक्षण[३१४०१०१२३] | ५१११०९४३/- | |
| | सामाजिक सुरक्षा तथासंरक्षण[३१४०१०१२३] | ५१११०९४३/- | | ४ | **विविध खर्चखाता /कोष- बैंक (ग २-७)** | | **७६५१८४/२२** |
| ६ | **विविध खर्चखाता /कोष- बैंक (ग२-७)** | | **६२७२९५/९८** | | विविध ग २ ७ आन्तरीक | ७६५१८४/२२ | |
| | अन्यसंस्थावाट प्राप्त अनुदान | ६२७२९५/९८ | | ५ | **धरौटीफिर्ता** | | **५६४२४९/-** |
| ७ | **स्थानीय तहबिबिध कोष खाता-ग-५** | | **२०००००/-** | | बिभिन्न व्यक्ति/फर्म/संस्थाकोधरौटी फिर्ता | ५६४२४९/- | |
| | बिबिध कोष खातामा निकासा आय | २०००००/- | | ६ | **एकल कोष खातामा खर्च नभई बाँकीभएको सशर्त अनुदान** | | **२५९०२३७०/४४** |
| ८ | **स्थानीय तहआकस्मिक कोष खाता-ग-७** | | **२५०००००/-** | | संघीयसरकार खर्च खातामा दाखिला | २३८४५५३२/२४ | |
| | खर्च खातावाट निकासा आय | २५०००००/- | | | प्रदेशसरकार खर्च खातामा दाखिला | २०५६८३८/२ | |
| ९ | **धरौटी आय** | | **२३३५१३५/५२** | **७** | **अन्तिममौज्जात (बचत रकम )** | | **५५७४३९२९/११** |
| | बिभिन्न व्यक्ति/फर्म/संस्थाबाट | २३३५१३५/५२ | | | संचित कोषखाता | ४६५३१५२७/९९ | |
| | | | | | विविध कोषखाता ग ५ समुह | ६०००००/- | |
| | | | | | धरौटीखाता | ४९८३६२७/०४ | |
| | | | | | प्रकोप ब्यबस्थापन कोष खाता ग ७समुह | ३३१०१६३/- | |
| | | | | | बिबिध खर्च खाता/कोष- बैंक (ग २-७) | ३१८६११/४३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | जम्मा आय रकम रू | ४४०५५३०२१/७ | ४४०५५३०२१/७ | | जम्मा व्यय रकम रू | ४४०५५३०२१/७ | ४४०५५३०२१/७ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस गाउँपालिकाले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई

अनुदान वितरण गर्नु हुँदैन।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।